# यस दिन यो धर्मशास्त्र पूरा भएको छ

केवल उभिरहनुहोस्, यदि तपाई चाहनुहुन्छ भने, जबसम्म हामी प्रार्थनाको शब्दको लागि हाम्रो शिर झुकाउदछौ।

2 प्रिय स्वर्गीय पिता, हामी आजराति यसको लागि आभारी छौ, येशू ख्रीष्टको यो महिमित, अद्भूत सुसमाचार प्रस्तुत गर्ने अर्को अवसर हो। हामी तपाईलाई धन्यवाद दिन्छौ किनभने उहाँ हिजो, आज, र सधैभरि एक समान हुनुहुन्छ। हामी तपाईलाई धन्यवाद दिन्छौ यी मानिसहरुको निम्ति जो यहाँ बाहिर यो चिसो मौसममा भेला भएका छन्, र अझै पनि तिनीहरुको महान अपेक्षाहरुका साथ, हेर्दै, परमेश्वरबाट हामीलाई केहि असाधारण कुरा दिईएको छ भनि विश्वास गर्दै। हामीहरु त्यो आशा लिएर आउछौ, प्रभु, हरेक सभामा। हामी तपाईलाई सेवाको लागि धन्यवाद दिन्छौ, अन्तिम रात, मण्डलीमा; गत साँझ यहाँ भएको सेवाको लागि, र आज पवित्रस्थानमा भएको सेवाको लागि धन्यवाद दिन्छु। आज राति तपाईले हाम्रो निम्ति के राख्नुभएको छ भनि हामी प्रतिक्षामा छौ।

3 पिता, हामीलाई थाहा छ कि जो कोहिले पनि आफ्नो हातहरु हल्लाउन सक्छ, उसले बाइबलको पाना पल्टाउन सक्छ, तर त्यहाँ केवल एकजना हुनुहुन्छ जसले यसलाई जीवित र वास्तविक बनाउन सक्नुहुन्छ, र त्यो तपाई हुनुहुन्छ। र, पिता, आज राति त्यो गर्नको लागि हामी हेरिरहेका छौ। हामीलाई हरेक तरिकामा आशिष दिनुहोस्। समय नजिक आईरहेको देख्दा हाम्रा हृदयहरु यति आनन्दले भरिएका छन् जब हामी उहाँलाई भेट्न जाँदैछौ, आमने सामने, जसलाई हामीले प्रेम गरेका थियौ र यी सबै वर्षसम्म जिईरहेका छौ।

4 धेरै नयाँ धर्मान्तरितहरु, प्रभु, बनाइएका छन्। यो बुझ्दै कि एउटा महान मेजबान, चालिस वा पचास, गत रातिको सेवाबाट, बिहान तपाईको नाउँमा बप्तिष्मा लिनुपर्छ। ओ परमेश्वर, कृपया जारी राख्नुहोस्, हामी प्रार्थना गर्छौं, जबसम्म परमेश्वरको हरेक पूर्वनिर्धारित सन्तानले सुसमाचारको ज्योति देख्दैनन्, र बगालमा आउदैनन्।

5 हामी माग्दछौ कि हामीलाई आज राति वचनको पछाडि लुकाउनुहोस्; हामीलाई संसारका कुराहरुमा अन्धा तुल्याउनुहोस्, र हामीलाई येशूलाई देख्न दिनुहोस्। आज राति, हामीमा परिवर्तनको डाँडाको अनुभव हुनसकोस्, कि हामीले येशू बाहेक कोहि मानिस देख्न सक्दैनौ। हामी यो उहाँको नाउँमा माग्दछौ, र उहाँको महिमा र उहाँको सुसमाचार प्रमाणित गर्नको निम्ति। आमेन।

तपाई बस्न सक्नुहुन्छ।

6 म केवल यो माईक, वा यो डेस्क घुमाउन जाँदैछु, केवल थोरै छेउमा, यदि यो सबै ठिक छ भने, ताकी मैले दर्शकहरुको दुवै तर्फी हेर्न सकूँ। मलाई लाग्छ मैले यी माइक्रोफोनहरु यहाँनिर पाउन सक्छु। ठिक छ, मात्र एक क्षण।

7 हामी अभिवादन गर्दैछौ, आजराति यहाँको मुख्य सभाघरबाट, एरिजोना, क्यालिफोर्निया, टेक्सास, र संयुक्त राज्य भरिका हाम्रा मित्रहरु, टेलिफोनबाट। यो—यो देशव्यापी हुँदैछ, यो सेवा आज राति, टेलिफोनको माध्यमबाट, त्यसैले परमेश्वरले हामीलाई आशिष दिनुहुनेछ भनि हामी भरोसा गर्छौं।

8 के तपाईले सुन्न सक्नुहुन्छ, पछाडि पट्टि—सभागृह देब्रे पट्टि? ठिक छ, तिनीहरुले अब टेलिफोन प्रणाली जाँच गर्न जाँदैछन्, यो हेर्नको लागि कि यसले ठिकसंग काम गरिरहेको छ या छैन भनि।

9 सबैजना खुसी हुनुहुन्छ आजको रात? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] भन्नुहोस्, त्यो ठिकै छ! *यस* तर्फ? ["आमेन।"] आमेन। तपाईहरु सबैजना आरामसंग बसिरहनुभएको देख्दा म धेरै खुसी छु।

10 र अब भोलि राति, यदि भीड बढ्दै जान्छ भने, तिनीहरुले सिधै टेलिफोन पनि गर्नेछन्। त्यहाँ आज राति छ। मलाई लाग्छ ती मध्ये कोहि त्यहाँ तल मण्डलीमा छन्।

11 र, भोलि बिहान, सेवा मण्डलीमा हुन सक्दैन, किनभने...त्यहाँ एउटा फूलवाला हुनेछ जसले भोलि दिउसो विवाहको लागि मण्डलीलाई सजाउदै हुनुहुन्छ। र तिनीहरुले—सेवाहरु, बिहान, भाई रुडेलको मण्डलीमा हस्तान्तरण गरेका छन्, हाम्रो सहयोगीहरु मध्ये एक, र माथि—यहाँको राजमार्गमा, ६२। के यो घोषणा गरिएको छ? [भाई नेभिलले भन्नुहुन्छ,

"हो।"—सम्पा।] यो घोषणा गरिएको छ। र, यदि यो त्यहाँ माथि बग्यो भने, हामीले बाकि रहेको लिनेछौ र अर्को सेवकलाई तल भाई जुनियर ज्याक्सनको घरमा पठाउनेछौ, तल क्लार्क्सभिलमा। हामीसंग यो भाई रडेलको घरमा भएको कारण, यो यहाँ नजिक छ, र हामी सक्छौ...र हामीले सोचेका थियौ कि तपाईले त्यो सजिलो पाउनुहुन्छ भनि। र त्यसपछि हामीले कुनै तरिकामा यसको ख्याल राख्नेछौ। र भोलिको लागि ती सबै बप्तिष्मा लिन निश्चित हुनुहोस्, र म आशा गर्छु कि भोलि बप्तिष्माको लागि त्यहाँ अरु सय या दुई सय थपिनेछन्। र अब भोलि राति...

12 तपाईले बोल्नुभएको कुनै पनि कुरा समयभन्दा अगाडि घोषणा गरेको म कहिल्यै चाहन्न, तर एक रात सेवामा, वा एक दिन, म यस विषयमा बोल्न चाहन्छु: *यो मल्किसेदेक को हो?* किनभने, यो एउटा—एउटा विषय हो जुन मलाई लाग्छ हामी त्यो समयमा जिईरहेका छौ जब यी प्रकाशहरु, जसको बारेमा तल युगौ देखि प्रश्न हुँदै आएको छ, "यो मानिस को हो?" र म विश्वास गर्छु कि परमेश्वरसंग जवाफ छ, उहाँ को हुनुहुन्थ्यो। कसैले भने, "पूजाहारीपन," कसैले भन्यो, "राजा," कसैले...तर त्यहाँ...

13 जबसम्म त्यहाँ प्रश्न छ, त्यहाँ त्यो प्रश्नको उत्तर हुनुपर्दछ, जुन सहि हो। पहिलो उत्तर नभईकन प्रश्न नै हुन सक्दैन।

14 अब, हामी भरोसा गर्दैछौ कि परमेश्वरले हामीलाई आज राति उहाँको वचनबाट आशिष दिनुहुनेछ, जसै हामी यसलाई पढ्छौ।

15 र तपाईसंग...बिल्लीले मलाई तपाईलाई भन्नको लागि भनेको थियो कि तपाई पक्कै पनि यहाँका मानिसहरुसंग राम्रो सहकार्य छ जुन पार्किङ्ग प्रणालीमा भएको छ, प्रहरी र सबैकुरामा। यसलाई जारी राख्नुहोस्; त्यो एकदम, धेरै राम्रो हो।

16 हामी त्यो समय हेर्ने आशा गर्छौ, हुनसक्छ निकट भविष्यमा, जब शायद हामीले यहाँ शहरमा पाल ल्याउन सक्छौ र यसलाई यहाँ बलपार्कमा राख्छौ, जहाँ हामी केहि लामो समयसम्म बस्न सक्छौ, शायद तिन वा चार हप्ताको लागि, जागृति, लगातार। र यहाँ हामीले मुश्किलले एकअर्कालाई चिन्न सकेका छौ, र त्यसपछि हामीले अलविदा भन्नुपर्छ र हामी फेरी जान्छौ। तर म आउन चाहन्छु र एउटा विस्तृत यात्रामा बस्न चाहन्छु, एक समय जहाँ तपाई बस्न सक्नुहुन्छ ताकी हामी एक या दुई रातमा बन्द गर्नुपर्दैन, तर केवल बसिरहनुहोस् र सिकाउनुहोस्, दिन र रात, दिन र रात, निरन्तर।

हुनसक्छ कोहि घर गएर कुखुरालाई खुवाउनुहुन्छ, गाईलाई दुध दुहुनुहुन्छ, र अर्को हप्ता फर्केर आउनुहुन्छ र सेवालाई निरन्तरता दिनुहुन्छ होला। म—मलाई त्यो मन पर्छ। त्यसैले प्रभु तपाईहरुसंग हुनुभएको होस्।

17 अब, म जानुभन्दा अगाडि, शायद आईतबार बिहान वा आईतबार राति, वा कुनै समय, यी सेवाहरु मध्ये एउटा, मलाई थाहा छ कि तपाईहरु सबैले *विवाह र सम्बन्ध विच्छेदको* बारेमा सत्यको सन्देश सुन्नलाई पर्खिरहनुभएको छ, जुन आजको महान् समस्याहरु मध्ये एक हो। र म यहाँ उभिरहेको जत्तिको निश्चित छु, म विश्वास गर्छु कि सहि उत्तर परमेश्वरको वचनमा छ, र म विश्वास गर्छु कि त्यसको लागि म फर्केर आउने प्रतिज्ञा गरेको थिए।

18 र मलाई लाग्छ, जानेर, जहाँसम्म मलाई थाहा छ, म अर्को सेवा यहाँ जेफरसनभिलमा गर्न चाहन्छु, इस्टर सन्डेमा, र हामी...सूर्योदयको सेवाको लागि, र त्यसपछि इस्टर सन्डे। त्यसैले हामी यसलाई अगाडि घोषणा गर्नेछौ र सम्भव भएसम्म, वा कतै, सभाघर ल्याउने कोशिष गर्नेछौ, आईतबारको लागि, हुनसक्छ शनिबार र आईतबार आउनेछ। भित्र र पछाडि उडेर जानुपर्छ, किनभने यो समय नजिकै छ...मैले यो जाँच गर्नुपर्छ, पहिलो, मसंग भएको तालिका, र मेरो—मेरो—मेरो यात्रा कार्यक्रम मध्ये एउटा क्यालिफोर्नियामा। र त्यसपछि, त्यसको तुरुन्तै पछि, म तल—अफ्रिकामा जानुपर्छ। त्यसैले सम्पर्कमा रहनुहोला र हाम्रो निम्ति प्रार्थना गरिदिनुहोला।

19 अब, आज राति, म तपाईको ध्यान परमेश्वरको वचनको एउटा भागमा आकर्षण गराउन चाहन्छु, जुन सन्त लूकाको चौथो अध्यायमा पाइन्छ। ४ औ अध्याय र १६ औ पद, यो शुरू हुनेछ, येशूले बोल्दै।

*...आज दिन यो* वचन *तपाईको कानमा पुरा भएको छ।*

20 अब हामी त्यसबाट, परमेश्वरको वचन कति गतिशील छ भन्ने निष्कर्ष निकाल्न चाहन्छौ! अब, हामी सबैले मेकानिक्स पत्ता लगाउन सक्छौ, तर यसले काम गर्नको लागि डायनामिक्स चाहिन्छ।

21 हामीले पत्ता लगाउन सक्छौ कि मेसिनको मेकानिक्स के हो, अटोमोबाइल, तर त्यसपछि पाङ्ग्रालाई चाल्न र चल्नको लागि गतिशीलता चाहिन्छ।

22 अब, येशू नासरतमा—फर्कनुभयो, जहाँ उहाँ हुर्कनुभएको थियो। तल यहाँ धर्मशास्त्रमा, हामीले पाउछौ कि तिनीहरुले भनेका थिए, "तपाईले कपर्नहुममा *यस्तो–र–यस्तो* गरेको हामीले सुन्यौ। अब तपाईले यो तपाईको देशमा गर्नुभएको देख्न दिनुहोस्।"

23 येशूले भन्नुभयो, "एउटा—एउटा अगमवक्ताको आफ्नै देशमा सम्मान हुदैन।" र, पक्कै पनि, त्यहि नै हो जहाँ तपाई हुर्किनुभएको छ, र जहाँ मानिसहरुले तपाईलाई चिन्छन्। र त्यहाँ उहाँको एउटा—एउटा—एउटा खराब नाम थियो, शुरू गर्नको लागि, उहाँ पार्थिव पिता बिना जन्मनुभएको कारणले। तिनीहरुले उहाँलाई "एउटा नाजायज सन्तान," भनेका थिए कि मरियम वास्तवमै योसेफसंग, विवाह गर्नुभन्दा अगाडि गर्भवती थिईन्। तर, त्यो त्यस्तो होइन, हामीलाई थाहा छ यो त्यस्तो होइन।

24 र यो धर्मशास्त्रमा, के कुराले मलाई मेरो आँखा यसमा गिरायो, त्यो केहि कुरा थियो जुन भर्खरै फिनिक्स, एरिजोनामा भएको थियो। यो अन्तिम दिन थियो, मैले बोल्ने सेवाको फुल गोस्पल बिजनेस मेनको अन्तर्राष्ट्रिय सम्मेलनमा।

25 र यस अधिवेशनमा हामीसंग एउटा आगन्तुक थियो, जो एउटा क्याथोलिक विशप थियो, जुन—हो "अपोस्टोलिक क्याथोलिक मण्डलीको कल्दी संस्कारहरु; अति आदरणीय रेभ. जोन एस. स्टेनली, ओएसडी" उहाँ क्याथोलिक मण्डलीमा "महानगरीय संयुक्त राज्यको आर्चबिशप" हुनुहुन्छ। *यो* उनको कार्ड र उनको—र उनको ठेगाना थियो।

26 र ऊ इसाई बिजनेस मेनसंग भेट्न गएको थियो, र मैले उसलाई त्यहाँ देखेको थिए, एक दिन अगाडि। र जब म शनिबार रातमा बोलिरहेको थिए, म विश्वास गर्छु कि यो थियो, वा शनिबार बिहान बिहानको खाजामा, र म…जब म बोल्दै थिए, उहाँले मलाई हेरिरहनुभयो। मैले सोचे, "त्यो मानिस पक्कै पनि मैले भनेको सबै कुरामा असहमत छ।" र, तपाईलाई थाहा छ, तपाईले—तपाईले केवल उहाँलाई देख्न सक्नुहुन्छ; उहाँले आफ्नो टाउको माथि–र–तल राख्नुहुन्छ, तर मलाई थाहा थिएन उहाँमा वास्तवमा के कुराले काम गरिरहेको थियो।

27 त्यसैले आईतबार दिउसो, जब म बोल्नको लागि उठे, म मेरो *प्रसव वेदना* पाठ लिन जाँदै थिए, जहाँ येशूले भन्नुभयो, कि, "एउटा बच्चा सहित एउटा महिला प्रसवमा भएझैं," उनी जन्ममा प्रसव भोगिरहेकी छिन्। र

त्यसैले म त्यहाँबाट बोल्न जाँदै थिए, जस्तो, *प्रसव वेदना*, विषय, यसो भन्दै कि संसार अहिले प्रसव वेदनामा छ। पुरानोलाई हटाउनुपर्दछ, ताकी नयाँ जन्मन सकोस्; जसरी एउटा—एउटा बीउ सड्नु पर्छ, नयाँ जीवन दिनको लागि।

28 र कस्तो दुखाई, प्रसव वेदनाले संसारलाई प्रहार गर्यो! पहिलो विश्वयुद्धमा, उनलाई भयानक पीडा थियो, किनभने तिनीहरुसंग विषालु ग्यास थियो, र त्यस्तै, जसले लगभग संसारलाई नष्ट गर्न सक्छ। र दोस्रो विश्वयुद्धमा, उनलाई अर्को, कडा पीडा भयो; तिनीहरुसंग ब्लकबस्टर, र एउटा परमाणु बम पनि थियो। उनले अर्को प्रसव दुखाई सहन सक्दिनन्। यी मिसाइलहरु र आजका कुराहरुसंग, अर्को एउटा युद्धले उनलाई अन्तरिक्षमा फालिदिन्छ, किनकि उनी अब छुटकारा पाउनेछिन्। र त्यहाँ एउटा नयाँ पृथ्वी हुनेछ। हुनेछ भनि बाइबलले भनेको छ।

29 हरेक अगमवक्ताको संदेश अन्तर्गत, इस्रायललाई प्रसव वेदना थियो, किनभने यी अगमवक्ताहरु दृश्यमा आउनेछन् धर्मशास्त्रीहरु र पादरीहरुले मण्डलीलाई संगठनको रूपमा पाएपछि। र जब ती अगमवक्ताहरु **परमप्रभु यसो भन्नुहुन्छ** भन्ने वचन सहितको दृश्यमा आउछन्, तिनीहरुले मण्डलीहरु हल्लाए, र उनलाई प्रसव वेदना थियो। अन्तमा, उनले सुसमाचारको पुत्रलाई नजन्माईन्जेलसम्म उनको प्रसव वेदनामा थिईन्, जुन वचन आफै देहधारी थियो।

30 त्यसैले मण्डली वास्तवमै आज राति, फेरी पनि, पुत्रको छुटकाराको निम्ति, परमेश्वरको पुत्र आउनको निम्ति साच्चै नै प्रसव वेदनामा छ। हाम्रा सबै धर्मशास्त्रीहरु, हाम्रा सबै प्रणालीहरु, हाम्रा सबै सम्प्रदायहरु, हाम्रो मुनिबाट ठिक सडेका छन्। त्यसैले हामीहरु प्रसव वेदनामा छौ, र परमेश्वरबाट एउटा संदेशले सधै मण्डलीलाई भारी पिडामा फाल्छ, तर केहि समय पछि उनी दुलहीलाई जन्म दिनेवाला छिन्। त्यसले येशू ख्रीष्टलाई उहाँको दुलहीमा ल्याउनेछ।

31 र, त्यसपछि, यो सोच्दै कि यो व्यक्ति मसंग यति धेरै असहमत छ। जब म यो संदेश बोल्नको लागि उठेको थिए, मैले मेरो बाइबल पल्टाए, पाना फेला पार्न।

32 र मेरी श्रीमतीले भर्खरै मलाई क्रिसमसको लागि एउटा नयाँ बाइबल दिएकी थिईन्। मेरो पुरानो बाइबल लगभग पन्ध्र वर्ष पुरानो हो, र त्यो कुरा

टुक्रा टुक्रा हुन लागेको थियो। पानाहरु, हरेक पटक यो खुल्दा, त्यसबाट बाहिर उड्थ्यो। र, तर मलाई सबै धर्मशास्त्र कहाँ पाउन सकिन्छ भनि थाहा थियो, त्यसैले म त्यो बाइबलमा नजिकबाट अध्ययन गर्छु। र मैले भर्खरै एउटा नयाँ उठाए, किनभने अर्को मण्डली जानको लागि, यति लथालिङ्ग देखिन्थ्यो।

33 र जब म सन्त यूहन्नामा पल्टिन थाले, जहाँ धर्मशास्त्र भेटिएको थियो, मैले १६ औं अध्याय पढ्न थाले, र मैले खोजिरहेको पद त्यहाँ थिएन। त्यसैले मैले सोचे, "अनौठो!" म फेरी पछाडि फर्किए; अझै पनि त्यो त्यहाँ थिएन।

34 र भाई ज्याक मूर, श्रेभपोर्ट, लुईजियानाबाट, मेरो सानो देखिको मित्र, उहाँ त्यहाँ बसिरहनुभएको थियो। मैले भने, "भाई ज्याक, के त्यो सन्त यूहन्ना १६ मा पाइदैन?"

उहाँले भन्नुभयो, "हो।"

35 र यो क्याथोलिक पादरी आफ्नो कुर्सीबाट उठे, मंचमा बसिरहेका करिब सयजना पादरीहरुबाट; उनी मेरो नजिक हिडे, आफ्नो सबै पोशाक र गाउन र क्रस सहित, र त्यस्तै, र ठिक मेरो नजिक आए। र उउहाँले भन्नुभयो, "मेरो छोरा, स्थिर रह। परमेश्वरले सार्ने तयारी गर्दै हुनुहुन्छ।"

मैले सोचे, "एउटा क्याथोलिक विशपले मलाई त्यो भन्दैछ?"

उहाँले भन्नुभयो, "यो मेरो पुस्तकबाट पढ्नुहोस्।"

36 र मैले उहाँको पुस्तकबाट धर्मशास्त्र पढे, र मेरो पाठ लिए र मेरो प्रवचन प्रचार गर्न गए।

37 त्यसपछि, जब म त्यहाँबाट भएर गए, उहा म गए पछि उठ्नुभयो, र भन्नुभयो, "त्यहाँ एउटा कुरा हुनपर्ने छ। त्यस पछि, मण्डली त्यो झमेलाबाट बाहिर निस्किनुपर्छ जुन यो भित्र छ, वा हामी मण्डलीको समस्याबाट बाहिर निस्किनुपर्छ।" त्यसैले, एक या अर्को।

38 र म मेरो घरको बाटोमा थिए, तल ट्युक्सनमा, त्यो साँझमा। बच्चाहरु स्यान्डविचको लागि कराईरहेका थिए, र म एउटा सानो स्ट्यान्डमा स्यान्डविच लिनको लागि रोके। र मेरी श्रीमतीले भनिन्, "बिल, म मेरो जीवनमा कहिल्यै पनि यति आत्तिएको थिईन, तपाई त्यहाँ उभिरहेको त्यो

बाइबलमा गडबड गरेको देख्नको लागि।" भनिन्, "के यसले तपाईलाई अत्ताएन र?"

39 मैले भने, "होइन।" मैले भने, "मलाई थाहा थियो कि यो त्यहाँ कतै थियो। तिनीहरुसंग केवल पृष्ठ थिएन। यो एउटा गलत छाप हो।"

40 र उनले भनिन्, "विचार गर्नलाई, कि मैले तपाईलाई त्यो बाइबल पाएको छु! त्यहाँ भएका सबै आँखा म माथि थिए जस्तो देखिन्थ्यो।"

41 र मैले भने, "ठिक छ, तिमीले त्यसलाई मद्दत गर्न सक्दैनौ। त्यो बाइबलमा गलत छाप थियो।" मैले भने, "तिनीहरुले कहिल्यै पाना राखेनन्।"

42 ठिक छ, म तल गए र यसलाई फेरी हेरे, यो हुनसक्ने सम्मको सिद्ध; तर १६ औं अध्यायको अन्त्य हुन्छ, भाग, यसको भाग तलबाट लगभग तिन इन्च मात्र टाढा हुन्छ, अर्को पट्टिको १७ औं अध्यायमा, उही कुरा गर्छ। र, एउटा नयाँ बाइबल भएकोले, ती दुई पानाहरु पूर्ण रूपमा एकसाथ अड्किएको थियो, र मैले १६ औं अध्यायको सट्टा १७ औं अध्यायबाट पढिरहेको थिए। "ठिक छ," मैले भने, "त्यो सबै ठिक छ। यो कुनै कारणको लागि हो।"

43 र जत्तिको स्पष्ट तपाईले कुनै आवाज सुन्न सक्नुहुन्थ्यो, एउटा आवाज म कहाँ आयो, र भन्यो, "उहाँ नासरतमा पस्नुभयो, जहाँ उहाँ हुर्कनुभयो; र उहाँको रीति अनुसार, सभाघरमा पस्नुभयो। र पूजाहारीले उहाँलाई पढ्नको लागि धर्मशास्त्र दिए, र उहाँले यशैया ६१ पढ्नुभयो। र जब उहाँले धर्मशास्त्र पढ्नुभयो, उहाँ तल बस्नुभयो; पुजारीलाई बाईबल, पुस्तक दिनुभयो, र बस्नुभयो। र सबै मण्डलीको आँखा उहाँ माथि थियो। र उहाँको मुखबाट अनमोल वचनहरु निस्किए। र उहाँले भन्नुभयो, 'आज यो धर्मशास्त्र पूरा भएको छ।'"

"आज दिनमा यो धर्मशास्त्र पूरा भएको छ।"

44 धर्मशास्त्र कति सहि छ! यदि तपाईले यशैया ६१:१ देखि २ मा ध्यान दिनुभयो भने, जहाँ हाम्रा प्रभुले यशैया ६१:१ देखि २ पढिरहनुभएको थियो। तर यशैया ६१ को दोस्रो पदको बीचमा, उहाँ रोकिनुभयो। जहाँ यसले भनेको छ, "परमप्रभुको आत्मा ममा छ; स्वीकार्य वर्षको प्रचार गर्न," त्यसपछि उहाँ रोकिनुभयो। किन? अर्को भाग, इन्साफ ल्याउनको लागि, उहाँको पहिलो आगमनमा लागू भएन, तर उहाँको दोस्रो आगमनमा

लागू हुन्छ। हेर्नुहोस्, यो त्यहाँ लागू भएन। कसरी धर्मशास्त्रले कहिल्यै गल्ती गर्दैन! तिनीहरु सधैं सिद्ध हुन्छन्। येशू ठिक त्यहाँ रोकिनुभयो जहाँ धर्मशास्त्र रोकिएको थियो, किनकि त्यहि नै उहाँको दिनमा प्रमाणित हुन पर्ने थियो, अहिले, त्यो पहिलो आगमनमा। दोस्रो आगमनमा उहाँले पृथ्वीमा इन्साफ ल्याउनुहुनेछ; तर त्यसबेला होइन। उहाँले "स्वीकार्य वर्षको प्रचार गर्न" हुनुहुन्थ्यो।

45 ध्यान दिनुहोस् कि मसिह मंचमा उभिरहनुभएको छ, आफैलाई त्यस युगको लागि प्रतिज्ञाको वचनसंग पहिचान गराउन। कति अनौठो, मण्डलीको अगाडि मसिह उभिरहनुभएको छ! र यी अमूल्य वचनहरुलाई हेर्नुहोस्, जब उहाँले यहाँ भन्नुहुन्छ, "स्वीकार्य वर्षको प्रचार गर्न।"

46 "स्वीकार योग्य वर्ष," हामी सबैलाई थाहा छ, बाइबलका पाठकहरुको रूपमा, "जुबली वर्ष" थियो। त्यो, जब सबै दास र कैदिहरु, जसरी तिनीहरु थिए, लगियो, भ्यालखानामा; र ऋण तिर्नको लागि एउटा छोरा दिनपर्थ्यो; वा छोरी, ऋण तिर्नको लागि, [टेपमा रिक्त स्थान—सम्पा।] र तिनीहरु बन्धनमा थिए। चाहे तिनीहरु जतिसुकै लामो समयदेखि बन्धनमा थिए, वा तिनीहरु त्यहाँ जति नै लामो समयसम्म बस्न पर्ने थियो; जब उत्सवको वर्ष आउँछ, जब तुरही बज्छ, हरेक मानिस स्वतन्त्र जान सक्थे यदि उनी स्वतन्त्र जान चाहन्छन् भने। [टेपमा रिक्त स्थान।] तपाई स्वतन्त्र हुनुहुन्छ। तिमीहरु अब दास थिएनौ।

47 तर यदि तपाई दास भएर बस्न चाहनुहुन्छ भने, तब तपाईलाई तल मन्दिरमा लगिनुपर्थ्यो, मन्दिरको चौकीमा उभिएर, र तिनीहरुले तपाईको कानमा एउटा प्वाल लगाए र बोर गरे, र त्यसपछि तपाईले आफ्नो बाकि रहेको दिनहरुमा त्यो दास मालिकको सेवा गर्नुपर्थ्यो।

48 यो येशू ख्रीष्टको सुसमाचारको कति उत्तम उदाहरण हो! जब यो प्रचार गरिन्छ, स्वीकार्य समय, र जुबलीको समय; जो कोहि, चाहे तपाई को होस्, तपाई कुन रङ्गको होस्, कुन सम्प्रदायको होस्, यो कति टाढा तपाई पापमा झुक्नुभएको छ, वा तपाईमा के समस्या छ; तपाई स्वतन्त्र जान सक्नुहुन्छ जब तपाईले सुसमाचारको तुरहीको आवाज सुन्नुहुन्छ। तपाई स्वतन्त्र हुनुहुन्छ!

49 तर यदि तपाईले सन्देशबाट पछाडि फर्कनुभयो र यसलाई सुन्न इन्कार गर्नुभयो भने, ध्यान दिनुहोस्, तपाई कानमा बोर हुनुहुन्थ्यो, एउटा सुन्नले।

यसको अर्थ, भन्नको लागि, तपाईले अनुग्रह र इन्साफको बीचको रेखा पार गर्नुभएको छ, र तपाईले फेरी कहिल्यै सुसमाचार सुन्नुहुनेछैन। तपाईले कहिल्यै पनि अगाडि जान सक्नुहुनेछैन। तपाई जुन प्रणालीमा हुनुहुन्छ त्यसको दास हुनुपर्दछ, बाकि रहेका दिनहरु, यदि तपाईले स्वीकार्य वर्ष सुन्न इन्कार गर्नुभयो भने।

50 अब, यसको अर्को भाग, जस्तो मैले भने, त्यसको उत्तर दिन आवश्यक छैन, किनभने यो आउदै गरेको मसिह, अहिले नै समय हो, जब उहाले इन्साफ ल्याउनुहुनेछ।

51 अब, कसरी ती मानिसहरुले उहाँ को हुनुहुन्छ भनि देख्नबाट असफल हुनसक्छन्? तिनीहरुले कसरी यो गुमाए? यो कसरी हुनसक्छ, जब कि यो यति स्पष्ट रूपमा भनिएको छ र देखाईएको छ? कसरी तिनीहरुले हेर्नबाट छुटाउन सक्थे? जब उहाँ...

52 कस्तो वचन! यसको बारेमा सोच्नुहोस्, "आजको दिन यो धर्मशास्त्र तपाईको आँखाको अगाडि पूरा भएको छ।" कसले भन्यो? परमेश्वर स्वयम्, जो उहाँको आफ्नै वचनको व्याख्याकर्ता हुनुहुन्छ। "यो दिन यो धर्मशास्त्र पूरा भएको छ।" मसिह, स्वयम्, मण्डलीको उपस्थितिमा उभिरहनुभएको छ र बाइबलबाट एउटा वचन पढ्दै, उहाँ आफैमा, र त्यसपछि भन्दै हुनुहुन्थ्यो, "आज यो धर्मशास्त्र पूरा भएको छ," र तिनीहरुले अझै पनि यो देख्न सकेनन्।

53 त्यो कस्तो दुखद घटना हुनेछ, तर यो भयो। यो धेरै पटक भएको छ। यो कसरी हुनसक्छ? निश्चय नै, अरु समयमा भएको जस्तै, मानिसको वचनको व्याख्यालाई विश्वास गरेर। त्यहि नै कारणले हो। ती दिनहरुमा ती विश्वासीहरु, तथाकथित विश्वासीहरु, पुजारीले धर्मशास्त्रको बारेमा के भनेका थिए त्यसको व्याख्या लिदै थिए। त्यसैले येशू, तिनीहरुको कुनै पनि पद वा तिनीहरुको समाजको होइन, उहाँलाई तिनीहरुको संगतबाट बहिष्कृत गरियो।

54 र, त्यसैले, तिनीहरुले उहाँलाई तिनीहरुमा पहिचान गर्न सकेनन्, किनभने उहाँ तिनीहरु भन्दा भिन्न हुनुहुन्थ्यो। येशू ख्रीष्टको व्यक्तित्व यति अद्वितीय हुनुहुन्थ्यो कि उहा परमेश्वरको पुत्र हुनुहुन्छ भनि कसैले पनि देख्न छुटाउनुहुदैन थियो, किनभने उहाँ धर्मशास्त्रको सिद्ध पहिचान हुनुहुन्थ्यो जुन उहाँको विषयमा लेखिएको थियो।

55 त्यहि तरिकामा कुनै पनि इसाई चिनिन्छ, जब उसको जीवनले इसाईले गर्न पर्ने कुराहरु पहिचान गर्छ।

56 कसरी उहाँ त्यहाँ उभिएर भन्न सक्नुभयो, “आज यो धर्मशास्त्र ठिक तपाईको आँखाको अगाडि पूरा भएको छ!” कति उत्कृष्ट, कति स्पष्ट, र अझै पनि ती मानिसहरुले गलत बुझे। किन? किनभने तिनीहरुले पूजाहारीहरुको कुनै आदेशको व्याख्या लिएका थिए जुन तिनीहरुले सुनिरहेका थिए।

57 र इतिहास सधै आफैमा दोहोरिन्छ। र धर्मशास्त्रको यसको लागि मिश्रित अर्थ छ, र एउटा यौगिक प्रकाश छ।

58 उदाहरणको लागि, जस्तो यसले बाइबलमा भनेको छ, कि, “मैले मेरो छोरालाई मिश्रबाट बोलाएको छु,” येशूलाई उद्धृत गर्दै। त्यसमा मार्जिन चलाउनुहोस्, र तपाईले पाउनुहुन्छ, याकूबलाई पनि उल्लेख गरिएको छ, उही धर्मशास्त्रमा। येशू उहाँको महान् पुत्र हुनुहुन्थ्यो। याकूब उहाँको छोरा थियो जसलाई उहाँले मिश्रबाट बोलाउनुभएको थियो, जुन स्कोफिल्डको सन्दर्भ र अन्य सबै सन्दर्भले यसलाई दिन्छ, किनभने त्यो धर्मशास्त्र हो जसलाई यसले संकेत गरिरहेको थियो। त्यसैले यसको एउटा—एउटा दोहोरो जवाफ थियो; त्यसमा याकूबको पुकारको जवाफ थियो, र येशूले बोलाउनुभएको थियो।

59 र आज पनि त्यस्तै छ! किनभने हामी यस्तो अशान्तिमा छौ जस्तो हामी छौ, र मानिसहरुले परमेश्वरको सत्यता देख्न असफल हुन्छन्, किनभने त्यहाँ परमेश्वरको वचनको धेरै मानव निर्मित व्याख्याहरु छन्। परमेश्वरलाई उहाँको वचन व्याख्या गर्नको लागि कोहि पनि आवश्यक छैन। उहाँ आफ्नै अनुवादक हुनुहुन्छ।

60 परमेश्वरले शुरूमा भन्नुभयो, “त्यहाँ उज्यालो होस्,” र त्यहाँ उज्यालो भयो। त्यसलाई कुनै व्याख्या चाहिदैन।

61 उहाँले भन्नुभयो, “एउटा कन्या गर्भवती हुनेछिन्,” र उनले गरिन्। त्यसलाई कुनै व्याख्या चाहिदैन।

62 जब...परमेश्वरको वचनको व्याख्या त्यो हो जब उहाले प्रमाणित गर्नुहुन्छ र यो त्यस्तो हो भनि प्रमाणित गर्नुहुन्छ। त्यो उहाँको व्याख्या हो, यसलाई पूरा गर्नको लागि। त्यहि नै हो जहाँ परमेश्वरको व्याख्या छ,

जब उहाँले आफ्नो वचन पूरा गर्नुहुनेछ। उहाँले तपाईलाई यसको व्याख्या गर्दै हुनुहुन्छ।

63 जस्तो कि यदि त्यहाँ कहिल्यै ज्योति नै थिएन, र उहाँले भन्नुभयो, "त्यहाँ उज्यालो होस्," र त्यहाँ थियो, जसलाई कसैले व्याख्या गर्न आवश्यक पर्दैन।

64 तर हामीले मानव निर्मित प्रणालीहरु यसमा मिसाउछौ, र, जब तपाईले गर्नुहुन्छ, तपाई—तपाईले यसलाई रेखाबाट बाहिर निकाल्नुहुन्छ। यो सधै त्यहि तरिकामा भएको छ।

65 तर म अझै पनि सोच्छु कि यो कति प्रहारकारी भएको हुनुपर्छ। यसको बारेमा सोच्नुहोस्, मसिह! किन तिनीहरु उहाँलाई देख्न असफल भए? किनभने, तिनीहरुको त्यहि अगुवाहरु जसले उहाँलाई चिन्नुपर्ने थियो, जो धर्मशास्त्रमा निपुण हुनुपर्ने थियो, जुन धर्मशास्त्रको समझ भएको हुनुपर्छ, तिनीहरुले यो मानिसलाई बेवास्ता गरे र भने, "ऊ नाजायज बच्चा हो, शुरू—गर्नको लागि। हामीले त्यो विश्वास गर्दैनौ।"

66 वर्षौ पछि, हामी त्यो विश्वास गर्दैनौ। उहाँ एउटा कन्याबाट जन्मेको पुत्र हुनुहुन्छ भन्नको लागि हामी मर्नेछौ।

67 र यो कुनै दिन हुन आउनेछ कि, त्यहि कुराहरु जुन हामीले आज यहोवाले गरिरहेको देख्छौ, आउने युगहरुमा मानिसहरु, यदि त्यहाँ छ भने, त्यो कुराको निम्ति मर्नेछन् जुन कुराको बारेमा आज हामीले कुरा गर्दैछौ। तपाईले यो गर्नुपर्दछ जब पशुको छाप आउछ, र तपाईलाई यस तरिकामा सुसमाचार प्रचार गर्ने अनुमति हुदैन। जब मण्डलीहरुको महान् एकता संगै आउँछ, जुन अहिले विश्व मण्डलीको लागि क्रमबद्ध छ, तपाईले आफ्नो गवाहिलाई आफ्नै जीवनले मोहोर लगाउनुपर्नेछ, यसको लागि।

68 तपाईले यो अहिले विश्वास गर्नुपर्दछ। यदि ती पूजाहारीहरु उठ्न सके भने, जसले उहाँलाई दोषी ठहर्यायो, उहाँलाई दोषी ठहराउने थिएन। "तर," तपाई भन्नुहुन्छ, "यदि म त्यहाँ भएको भए, मैले *यस्तो–र–त्यस्तो* गर्ने थिए।" ठिक छ, त्यो तपाईको युग थिएन। तर, यो तपाईको युग हो, यो समय हो।

तपाई भन्नुहुन्छ, "ठिक छ, यदि उहाँ यहाँ हुनुहुन्थ्यो भने!"

69 बाइबलले भनेको छ, "उहाँ हिजो, आज, र सधैभरि एक समान हुनुहुन्छ," एक समान, त्यसैले उहाँ यहाँ हुनुहुन्छ। तर, उहाँ यहाँ हुनुहुन्छ।

जसरी संसार सभ्य हुदै गएको छ, बढ्दै गएको छ, र बढि शिक्षित हुदै गएको छ, उहाँ यहाँ आत्माको रूपमा हुनुहुन्छ, जसलाई तिनीहरुले मार्न वा मृत्यु दिनसक्दैनन्। उहाँ एकपटक मर्नुभयो; उहाँ फेरी मर्न सक्नुहुन्न। परमेश्वर पापको लागि, शरीरमा मारिनको निम्ति उहाँ शरीरमा परिणत हुनुपर्थ्यो। तर यस पटक उहाँ कहिल्यै मर्न सक्नुहुन्न; यो पवित्र आत्मा हो।

70 अब, कसरी सोच्ने कि तिनीहरुसंग ती कुराहरु उहाँको विरुद्धमा छ भनि! अर्को कुरा, कि उहाँ तिनीहरुको कुनै पनि श्रेणीमा शामिल हुनुहुन्न। त्यसपछि, तपाईले देख्नुहुन्छ, त्यसले उहाँलाई अझै पनि खराब व्यक्ति बनायो। उहाँ तिनीहरुको—तिनीहरुको संगठनमा सामेल हुनुहुन्न थियो, तिनीहरुको पूजाहारीपनमा सामेल हुनुहुन्न थियो, र उहाँको यससंग कुनै सरोकार नै थिएन। र त्यसपछि, ती सबै बाहेक, उहाले तिनीहरुले बनाएका कुरालाई भत्काउन खोज्नुभयो।

71 उहाँ मन्दिरमा जानुभयो। हामीले उहाँलाई नम्र मानिस भन्छौ; उहाँ हुनुहुन्थ्यो, तर धेरै पटक हामीले नम्रता के हो भनि गलत बुझ्दछौ।

72 उहाँ करुणाको मानिस हुनुहुन्थ्यो, तर अझै पनि हामी करुणा के हो भनेर बुझ्न असफल हुन्छौ। मानवीय सहानुभूति होइन, करुणा होइन। तर, *अनुकम्पा* भनेको "परमेश्वरको इच्छा पूरा गर्नु हो।"

73 उहाँ बेथेस्दाको पोखरीबाट—भएर जानुभयो, त्यो ढोका। त्यहाँ मानिसहरु थिए, तिनीहरुको भीड। भीड कुनै निश्चित संख्या होइन। तर त्यहाँ भीड थियो: लंगडा, अन्धा, लंगडा, सुकेको। र मानिसहरु प्रति उहाँ सधै दयालु हुनुहुन्थ्यो। र उहाँ एउटा व्यक्तिकहाँ जानुभयो जो लंगडो थिएन, अन्धो थिएन, न त सुकेको थियो; हुनसक्छ प्रोस्टेटको समस्या थियो, हुनसक्छ उसमा कुनै सानो दुर्बलता थियो जुन सुस्त थियो। उनलाई त्यो अड्तीस वर्षसम्म भयो। यसले उसलाई समस्या दिनेवाला थिएन, उसलाई मार्नेवाला थिएन। ऊ एउटा पल्लेटमा पल्टिरहेको थियो। र उहाँले भन्नुभयो, "के तिमी निको हुनेछौ?"

74 र मानिसले भन्यो, "मलाई पानीमा हाल्ने कोहि पनि छैन, तर म आउदै गर्दा, कोहि मभन्दा अगाडि तल आउनुहुन्छ।" हेर्नुहोस्, उनी हिड्न सक्थे, उनले देख्न सक्थे, उनी वरपर जान सक्थे, तर उनी केवल कमजोर थिए।

75 र येशूले त्यसलाई भन्नुभयो, "उठ। आफ्नो ओछ्यान लिउ र आफ्नो घर जाऊ।" र येशूलाई त्यसमा प्रश्न गरिएको थियो, किनकि तपाईलाई याद

छ धर्मशास्त्रले यो भनेको छ।

76 कुनै आश्चर्य छैन! यदि उहाँ आज राति जेफर्सनभिलमा आउनुभयो र त्यस्तो खालको कार्य गर्नुभयो भने, तिनीहरुले अझै पनि उहाँको बारेमा कुरा गर्नेछन्।

77 तर, याद गर्नुहोस्, उहाँ एउटा कुरा गर्न आउनुभयो, त्यो परमेश्वरको इच्छा थियो। अब, त्यो सन्त यूहन्ना ५:१९ मा पाइन्छ, तपाईले यसको उत्तर पाउनुहुनेछ। उहाँले भन्नुभयो, "साच्चै, साच्चै, म तिमीहरुलाई भन्दछु, पुत्र आफैले केहि गर्न सक्दैन; तर जे पिताले गरिरहेको देख्नुहुन्छ, त्यो पुत्रले गर्छ।"

78 अब, तिनीहरुले थाहा पाउनुपर्ने थियो कि मोशाको अगमवाणीको त्यहि नै प्रमाण थियो, "किनकि परमप्रभु तिमीहरूका परमेश्वरले म जस्तै एउटा अगमवक्ता खडा गर्नुहुनेछ।"

79 के तपाईले ध्यान दिनुभयो, जब उहाँले त्यस मानिसलाई देख्नुभयो, उहाँले भन्नुभयो...उहाँ धेरै वर्ष देखि यो अवस्थामा रहेको थाहा थियो। हेर्नुहोस्, एउटा अगमवक्ता भएकोले, उहाँले त्यो मानिसलाई त्यो अवस्थामा देख्नुभयो; र त्यहाँ तल गए र हात हल्लाए—ती मानिसहरुबाट भएर उहाँको बाटो हल्लाउनुभयो, भीडबाट भएर, जबसम्म उहाँले त्यो निश्चित मानिसलाई भेट्टाउनुभयो।

80 लंगडो, अन्धो, र सुकेको, तर पनि दयाले भरिएको मानिसबाट भएर गए। तर, *अनुकम्पा* भनेको "परमेश्वरको इच्छा पूरा गर्नु हो।"

81 अब, हामीले उहाँलाई पाउँछौ, किनकि उहाँ तिनीहरुसंग सामेल हुनुहुन्न, तिनीहरुको दर्जामा उहाँको कुनै सरोकार नै थिएन, तब उहाँ बहिष्कृत हुनुहुन्थ्यो। उनीसंग कुनै...

82 त्यस बाहेक, उहाँ एक दिन मन्दिरमा जानुभयो। एकजना मानिस त्यहाँ गए र परमेश्वरको घर आजको जस्तो लगभग दूषित भेटे। तिनीहरुले किन्दै, बेच्दै, पैसा परिवर्तन गर्दै थिए। र उहाँले पैसाको मेच पल्टाउनुभयो; डोरी लिनुभयो र तिनीहरुलाई जोडा, र मन्दिरबाट पैसा साट्नेहरुलाई पिटेर बाहिर निकाल्नुभयो। र तिनीहरुलाई रिसले हेर्नुभयो, र भन्नुभयो, "यो लेखिएको छ," हाल्लेलुयाह, "मेरो पिताको घर प्रार्थनाको घर हो; र तिमीहरुले त्यसलाई चोरहरुको अड्डा बनाएका छौ। र तिमीहरु, आफ्नो परम्पराहरुद्वारा, परमेश्वरको आज्ञालाई प्रभावहीन बनाएका छौ।"

83 ओ, के त्यो खालको झुण्डले कहिल्यै उहाँमा विश्वास गर्नसक्छ? होइन, श्रीमान। तिनीहरु समाजको हिलो र दिनको फोहोरमा यति धेरै सुँगुरले पिलिएका थिए, जबसम्म तिनीहरु इसाईहरु यतिसम्म जमेका थिए कि तिनीहरुले सर्वशक्तिमान परमेश्वरको शक्तिको कम्पन महसूस गर्न सकेनन्। कुनै आश्चर्य छैन कि सानी महिलाले उहाँको वस्त्र छुन र त्यसबाट चंगाई गर्न सक्नुहुन्थ्यो; र रक्सीले लतपतिएको सिपाहीले उहाँको अनुहारमा थुक्न सक्छ र कुनै सद्गुण महसूस गर्न सक्दैन! तपाई यसमा कसरी जानुहुन्छ त्यसमा भर पर्छ। तपाईले के खोज्दै हुनुहुन्छ त्यसमा भर पर्छ। जब तपाई मण्डलीमा जानुहुन्छ, यो तपाईले के खोज्दै हुनुहुन्छ त्यसमा भर पर्छ।

84 अब हामीले उहाँ त्यहाँ उभिरहनुभएको देख्छौ। निस्सन्देह, तर के मानिसहरुले उनलाई पहिले नै चेतावनी दिएका थिए, चेतावनी दिएका थिए...पूजाहारीले मानिसहरुलाई चेतावनी दिएका थिए, "अब उहाँ यहाँ अर्को शबाथमा आउदै हुनुहुन्छ, र, जब उहाँ आउनुहुन्छ, उहाको कुरा न सुन्नुहोस्। अब, तपाई गएर यहाँ बस्न सक्नुहुन्छ, तर उहाँले के भन्नुहुन्छ त्यसमा ध्यान नदिनुहोस्, किनभने उहाँ हाम्रो समूहको हुनुहुन्न। उहाँ बहिष्कृत हुनुहुन्छ। उनीसंग कुनै संगति कार्ड छैन। उहाँसंग संगठनको कागज समेत छैन। उहाँसंग त्यस्तो केहि पनि छैन।"

"उहाँ के हुनुहुन्छ?"

85 "केहि पाखण्डी केटा जो यहाँ तल जन्मेका थिए, नाजायज जन्म, एउटा सिकर्मीको घरबाट, कि तिनीहरुको विवाह हुनुभन्दा अगाडि एउटा आमाले उहाँलाई गर्भधारण गरेकी थिईन्, र तिनीहरुले यो कुरालाई कुनै अलौकिक कुराले लुकाउन खोजिरहेका छन्।

86 "हामीलाई थाहा छ कि, जब मसिह आउनुहुनेछ, उहाँ स्वर्गको गलियाराहरुबाट तल आउनुहुनेछ र हाम्रो प्रधान पूजाहारी कहाँ गएर भन्नुहुनेछ, 'म यहाँ छु, कैयाफा।'" तर हामीले पाउछौ कि उहाँले त्यस तरिकामा गर्नुभएन, किनभने यो वचनमा त्यसरी लेखिएको थिएन। यो एउटा मानव-निर्मित परम्परा थियो जसले तिनीहरुलाई त्यो विश्वास गराएको थियो।

87 उहाँ आउनुभएको तरिकामा उहाँ आउनुहुनेछ भनि वचनले भनेको थियो। र त्यहाँ उहाँ खडा हुनुभयो, वचन पढ्दै हुनुहुन्थ्यो, र तिनीहरुलाई

भन्नुभयो, "आजको दिन यो धर्मशास्त्र तपाईको आँखामा पूरा भएको छ।" र अझै पनि तिनीहरुले उहाँलाई देख्न वा चिन्न सक्दैनन्, जस्तो कि तिनीहरुले अरु सबै युगहरुमा गरेका थिए।

88 नोआले पनि त्यहि नै भन्न सक्थे, जुन दिन उनी डुंगामा प्रवेश गरे र ढोका बन्द भयो। मोशाले त्यो झ्याललाई डुंगाको माथि उठाएर, मण्डलीलाई हेर्न सक्थे...याद गर्नुहोस्, परमेश्वरले ढोका बन्द गर्नुभयो। र उहाँले भन्न सक्नुहुन्थ्यो, "आजको दिन यो धर्मशास्त्र तिम्रो आँखामा पूरा भएको छ," तर त्यसबेला तिनीहरुको लागि धेरै ढिलो भईसकेको थियो। उनले एक सय बिस वर्षसम्म प्रचार गरेका थिए, तिनीहरुलाई उनले बनाएको त्यो डुंगामा ल्याउनको निम्ति, धर्मशास्त्रले भनेको छ, "**परमप्रभु यसो भन्नुहुन्छ**, झरी पर्नेछ," तर तिनीहरुले धेरै लामो प्रतिक्षा गरे। तर नोआले सजिलै भन्न सके, "आज, यस दिन, धर्मशास्त्र पूरा भएको छ।"

89 मोशा, त्यहि दिन जुन आगोको खामो सीनै डाँडामा तल आयो र उसको गवाहिको गवाहि दियो, मोशाले यसो भन्न सक्थे, "आजको दिन यो धर्मशास्त्र पूरा भएको छ।"

90 मोशा, तपाईलाई थाहा छ, परमेश्वरको एउटा बोलाईएको मानिस, एउटा अगमवक्ता थियो। र उहाँलाई बोलाउदै गर्दा, एउटा अगमवक्ता भएकोले, उनले एउटा अलौकिक अनुभव लिनुपर्थ्यो। एउटा अगमवक्ता बन्नको लागि, उसले परमेश्वरलाई आमने सामने भेट्नुपर्छ र उहाँसंग बोल्नुपर्छ। र अर्को कुरा, जे उनले भनेका थिए त्यो पुरा हुन पर्ने थियो, नत्र कसैले पनि उनलाई विश्वास गर्ने थिएन।

91 त्यसैले कुनै पनि मानिसले आफैलाई यसरी बोलाउने अधिकार छैन जबसम्म उसले परमेश्वरसंग आमने सामने कुरा गर्दैन, कतै मरुभूमिको पछाडिपट्टि, जहाँ उसले आफैले परमेश्वरलाई भेटेको थियो। र संसारका सबै नास्तिकहरुले उहाँबाट टाढा यसलाई व्याख्या गर्न सकेनन्; उनी त्यहाँ थिए, उनलाई थाहा थियो यो भयो। प्रत्येक इसाईले एउटा इसाई हुनुको बारेमा केहि भन्नुभन्दा अगाडि त्यो अनुभव हुनुपर्दछ। तपाईको आफ्नै अनुभव!

92 मैले मेरो भतिजासंग कुरा गरे, केहि समय अगाडि, एउटा सानो क्याथोलिक केटा, त्यसले भन्यो, "अंकल बिल, म खम्बबाट अर्को खम्बामा दौडेको छु, जतातत्तै गएको छु, केहि कुरा खोज्न खोज्दैछु।" रात पछि रात,

यो सभा शुरू हुनुभन्दा अगाडि, उनी रुदै थिए। र रातको समयमा, उसले भित्र आउने सपनाहरु देखिरहेको छ, वेदीमा दौडिरहेको छ, जहाँ प्रचार गर्दै, र उनी गलत थिए भनि स्वीकार गर्दै।

93 मैले भने, “मेलभिन, तपाई जहाँकहि जान खोजे पनि, कति धेरै मण्डलीहरुमा तपाई सामेल हुनुहुन्छ, कति धेरै ‘हेल मरियम,’ तपाई भन्नुहुन्छ, वा कति धेरै आशिष तपाईले मानिसबाट पाउनुहुन्छ, तपाई परमेश्वरको आत्माले नयाँ गरी जन्मनु पर्दछ। यहि मात्रै कुरा हो जसले मानव हृदयलाई सन्तुष्ट पार्छ।”

94 त्यो, मलाई थाहा छ तिनीहरुसंग एउटा विकल्प छ, आज, नयाँ गरी जन्मनुको, केवल प्रचारकसंग हात मिलाउनुहोस् र पुस्तकमा तपाईको नाम राख्नुहोस्। तर, मित्रहरु, त्यो एउटा सिद्धान्त हो। यो बाइबलको सत्य होइन। यदि यो हुन्थ्यो भने, प्रेरितको कार्य, दोस्रो अध्यायमा, यसरी पढ्नुपर्ने हुन्थ्यो, “जब पेन्टिकोष्टको दिन पूर्ण रूपमा आयो, पाष्टर बाहिर निस्किए र मानिसहरुसंग हात मिलाए।”

95 तर भन्नुभयो, “जब पेन्टिकोष्टको दिन पूर्ण रूपमा आईसकेको थियो,” मण्डलीको उद्घाटनमा, “त्यहाँ स्वर्गबाट एउटा बलियो बतासको तेज बतासे जस्तो आवाज आयो, र तिनीहरु बसेको सबै घर भरियो।” त्यसरी नै पवित्र आत्मा पहिलो पटक आउनुभयो। त्यसरी नै त्यो समय देखि हरेक पटक आएको छ। उहाँ परमेश्वर हुनुहुन्छ, र परिवर्तन हुनुहुन्न। अब, यसले मानिसहरुलाई ठेस पुर्याउछ।

तिनीहरुले भन्छन्, “त्यो अर्को दिनको लागि थियो।”

96 ठिक छ, उहाँ हिजो, आज, र सधैंभरि एक समान हुनुहुन्छ। हरेक पटक मण्डलीले पवित्र आत्मा पाएको छ, यो सधै यसरी आएको छ जस्तो उहाले पहिलो पटक गर्नुभएको थियो, उही नुस्खा अन्तर्गत, प्रेरित २:३८; कहिल्यै परिवर्तन भएको छैन, कहिल्यै परिवर्तन हुनेछैन।

97 एउटा रोगको लागि चिकित्सकले दिएको नुस्खा जस्तै। उसले रोगको लागि एउटा नुस्खा लेख्छ, चिकित्सकले गर्छ। र यसलाई कुनै क्वाक ड्रगिस्टकहाँ लैजानुहोस्, र उसले यसमा धेरै नै मारक औषधि राख्छ, यो यति कमजोर हुन्छ कि यसले तपाईलाई केहि फाइदा गर्दैन; यदि उसले त्यसमा धेरै विष राख्यो भने, त्यसले तपाईलाई मार्नेछ। यो केवल चिकित्सकको अनुसार लेख्नुपर्छ।

98 र पवित्र आत्मा कसरी प्राप्त गर्ने भनेर चिकित्सकको नुस्खा हामीलाई डाक्टर सिमोन पत्रुसले पेन्टिकोष्टको दिनमा दिनुभएको छ। "म तिमीलाई औषधि दिनेछु। पश्चाताप गर्नुहोस्, तपाईहरु सबैजना, र पापको क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लिनुहोस्, र तपाईले पवित्र आत्माको वरदान प्राप्त गर्नुहुनेछ। किनकि नुस्खा तिनीहरुको लागि हो जो टाढा छन्, र परमप्रभु हाम्रा परमेश्वरले बोलाउनुहुने धेरैमा पनि।" अनन्त औषधि!

99 मोसाले यो अनुभव गरेका थिए। उनी तल देशमा गए र उनले मानिसहरुलाई भन्न थाले, "मैले आगोको खम्बा भेटे। त्यो जलिरहेको झाडीमा थियो। र उहाँले तपाईहरुलाई भन्नको निम्ति मलाई भन्नुभयो, '**म जो हुँ, म हुँ।** तल जाऊ; म तिमीसंग हुनेछु। आफ्नो हातमा लौरो लिनुहोस् र मिश्रलाई समात्नुहोस्; जे पनि तिमीले माग्छौ, यो गरिनेछ।'"

ठिक छ, शायद कुनै पुजारीले भने, "बकवास!"

100 तर जब तिनीहरुले यसको वास्तविक तथ्यहरु देखे, लियो, पूरा हुन आयो, तिनीहरुले त्यो धेरै लामो समयसम्म थाम्न सकेनन्। उनी परमेश्वरबाट पठाईएको हो भनि तिनीहरुलाई थाहा थियो।

101 त्यसपछि, यदि मोसाले मैले त्यो देखे, र यो सत्य हो भनि गवाहि दिए भने, तब परमेश्वर बाध्य हुनुहुन्छ, यदि त्यो सत्य हो भने, त्यस मानिसको वचन, सत्य पहिचान गर्न र प्रमाणित गर्न। त्यो सत्य हो।

102 यदि येशू ख्रीष्ट त्यहाँ उभिनुभयो र त्यस दिन पढ्नुभयो भने, "यो वचन आजको दिन तपाईको अगाडि पूरा भएको छ," त्यो वचन पूरा गर्नको लागि परमेश्वरको दायित्व छ।

103 हामी आज राति यहाँ खडा हुन्छौ र भन्छौ, "येशू ख्रीष्ट हिजो, आज, र सधैंभरि एकसमान हुनुहुन्छ।" त्यो प्रमाणित गर्न परमेश्वर बाध्य हुनुहुन्छ, किनभने यो उहाँको वचन हो। अब, यसले के गर्छ? यो विश्वास गर्नको लागि, विश्वास चाहिन्छ। विश्वास लिन्छ, उहाँको वचन विश्वास गर्नमा, यो सत्य हो भनि।

104 ध्यान दिनुहोस् के हुन आयो जब मोसाले बच्चाहरुलाई बाहिर ल्याए, र सबैजना जसले उनलाई पछ्याए। जसले पछ्याएनन् तिनीहरु मिश्रमा बसे। तर तिनीहरु जसले मोशालाई पछ्याए, जब तिनीहरु लाल समुन्द्रबाट बाहिर निस्केर उजाडस्थानमा आए, परमेश्वर तल सीनै डाँडामा आउनुभयो।

त्यो आगोको खम्बाले पूरै पहाडलाई आगो लगायो, र त्यहाँबाट एउटा आवाज बोल्यो, र परमेश्वरले दस आज्ञा दिनुभयो।

105 मोशा त्यहाँ मानिसहरुको अगाडि हिडेर यसो भन्न सक्थे, "आजको दिन धर्मशास्त्र जुन मैले तपाईलाई भनेको छु, उहाँको अगमवक्ताको रूपमा, जुन आजको दिनमा आईरहेको छ। मैले तपाईलाई भनेको छु कि परमेश्वरले मलाई भेट्नुभयो, र त्यहाँ माथि एउटा जलिरहेको झाडीमा, एउटा आगोको खामोमा, र उहाँले यो भन्नुभयो, 'म...यो एउटा चिन्ह हुनेछ। तिमीले ती मानिसहरुलाई फेरी पनि यहि ठाउँमा ल्याउनेछौ।' र त्यहाँ परमेश्वर हुनुहुन्छ, त्यहि आगोको स्तम्भमा जुन मैले तपाईलाई भनेको थिएँ, उहाँ त्यहाँ हुनुहुन्थ्यो, ठिक पारी पहाडमा झुण्डिरहेको। यस दिन यो अगमवाणी पूरा भएको छ। यहाँ उहाँले मैले भनेको कुराहरु सत्य हो भनि प्रमाणित गर्न हुनुहुन्छ।"

106 परमेश्वरले हामीलाई अझै धेरै त्यस्ता मानिसहरु दिनुभएको होस्, जो इमानदार र इमानदार हुनुहुन्छ, र सत्य बोल्नुहुन्छ, कि सर्वशक्तिमान परमेश्वरले उहाँको वचन अझै पनि सत्य हो भनि प्रमाणित गर्न सक्नुहुन्छ! उहाँ हिजो, र सधै उस्तै हुनुहुन्छ। किन उहाँले यो गर्नुहुन्न? उहाँले यो गर्ने प्रतिज्ञा गर्नुभयो।

107 यहोशूले पनि त्यहि नै भनेका होलान्, जुन दिन उनी कादेश–बर्ने फर्केर आए, जहाँ तिनीहरुले उजाडस्थानमा यात्रा गरेका थिए। तिनीहरुले यो देश परमेश्वरले यो हुनेछ भनि भन्नुभएको खालको देश हो भनि संका गरिरहेका थिए। तर परमेश्वरले तिनीहरुलाई यो राम्रो जमिन हो भनि भन्नुभयो, त्यहाँ दूध र मह बगिरहेको थियो। र बाकि रहेका दस जना मध्ये यहोशू र कालेब मात्रै दुईजना थिए जसले यसलाई विश्वास गरे। जब तिनीहरु फर्केर आए, तिनीहरुसंग प्रमाण थियो; तिनीहरुसंग अंगुरको गुच्छा थियो जुन दुईजना बलिया मानिसहरुले मात्र बोक्न सक्थे।

108 यहोशू र कालेब ठिक त्यहाँ उभिएर यसो भन्न सक्थे, "यो दिन यो धर्मशास्त्र पूरा भएको छ। यो राम्रो देश हो भन्ने प्रमाण यहाँ छ।" पक्कै पनि। किन? "त्यहाँ प्रमाण छ कि यो राम्रो जमिन हो। मिश्रमा तपाईले यस्तो खालको कुरा कहाँ पाउनुभयो? त्यहाँ कुनै त्यस्तो ठाउँ थिएन। तर आजको दिनमा यो धर्मशास्त्र पूरा भएको छ।"

109 उहाँले त्यहि कुरा भन्न सक्नुहुन्थ्यो, त्यहि, जब उहाँले भविष्यवाणी

गर्नुभएको थियो र भन्नुभयो कि यरिहोको पर्खालहरु सात पटक, सात दिन, दिनको सात पटक घुमिसकेपछि ढलेर खस्नेछ। र जब तिनीहरुले अन्तिम पटक घुमे, पर्खालहरु तल खसे। यहोशू उठेर यसो भन्न सक्थे, "आजको दिन, परमप्रभुको सेनाको प्रमुख कप्तान जसले मलाई केहि हप्ता अगाडि भन्नुभएको थियो कि यो यस्तो घटना होस्, आजको दिन यो धर्मशास्त्र पूरा भएको छ।" त्यहाँ पर्खालहरु राखिएको थियो, जमिनमा समतल थियो। "आउनुहोस्, हामी यसलाई लिऔं। यो हाम्रो हो। यस दिन यो धर्मशास्त्र पूरा भएको छ।"

110 कति अद्भूत, परमेश्वरका मानिसहरु सहि कुराहरुको लागि खडा भएका छन्!

111 इस्राएल, नदीको किनारमा, जब तिनीहरुले भूमि कब्जा गरे, पार गए। तिनीहरुले यो कसरी गर्ने? यो अप्रिल महिना हो। बाढी तल आउदै छ किनभने हिउँ पग्लिरहेको छ, माथि यहूदियामा। ओ, कति गरीब सेनापति यो परमेश्वर जस्तो देखिन्थ्यो, उहाँको मानिसहरुलाई त्यहाँ ल्याउनको लागि, अप्रिल महिनामा, जब यर्दन पहिले पहिले भन्दा माथि थियो। कहिलेकाहि…

112 म यहाँ रोकिन सक्छु, यदि मसंग समय छ भने, तपाईलाई एउटा सानो टिप दिनको लागि। कहिले काहि तपाईलाई क्यान्सर लागेको होला, वा तपाईलाई कुनै रोग लागेको होला; तपाई सोच्नुहुन्छ, "किन, म, एउटा इसाई भएको नाताले, यो तरिकामा हुनेछु? यदि म एउटा इसाई हुँ भने, म किन यसरी बसिरहन्छु?" कहिलेकाहि परमेश्वरले चिजहरुलाई यति अन्धकार हुन दिनुहुन्छ कि तपाईले माथि, वरपर, वा कहिँ पनि देख्न सक्नुहुन्न, र त्यसपछि उहाँ आउनुहुन्छ र तपाईको लागि बाटो बनाउनुहुन्छ, ताकि तपाईले भन्न सक्नुहुन्छ, "आजको दिन यो धर्मशास्त्र पूरा हुदैछ, जुन पूरा गर्नेछु उहाँले प्रतिज्ञा गर्नुभयो।"

113 उहाँले हिब्रू छोराछोरीहरुलाई ठिक आगोको भट्टीमा जान दिनुभयो। तिनीहरुले भने, "हाम्रा परमेश्वरले हामीलाई यो भट्टीमा भएको आगोबाट बचाउन सक्नुहुन्छ। तर, यद्धपि, हामी तपाईको प्रतिमाको अगाडि झुक्नेछैनौ।" जब तिनीहरु त्यहाँबाट निस्किए, तिनीहरुमा भट्टीको गन्ध… कुनै भट्टीको गन्ध थिएन, बरु, तिनीहरुमा; तिनीहरुले यसो भन्न सक्थे, "यो दिन यो धर्मशास्त्र पूरा भएको छ।"

114 जब दानिएल सिंहको खोरबाट आए, उनले पनि त्यहि कुरा भन्न सक्थे।

115 बप्तिष्मा दिने यूहन्ना। चार सय वर्षको मण्डलीको शिक्षा पछि, कुनै आश्चर्य छैन कि त्यो समयमा मण्डली झमेलामा थियो! जब उनी उजाडस्थानमा देखा परे, यर्दन, उनी ठिक त्यहाँ किनारमा उभिन सक्थे, जसरी उनले गरेका थिए, र भन्छ, "आज यो धर्मशास्त्र, यशैया ४०, पूरा भएको छ।"

116 कसरी म यहाँ रोकिएर तपाईलाई त्यो बुढो पुजारीले के भनेका थिए भन्न सक्छु! भन्नुभयो, "छोरा, तिमीले त्यो संदेश कहिल्यै पनि समाप्त गरेनौ।"

मैले भने, "शान्त बस्नुहोस्।"

उहाँले भन्नुभयो, "तपाईको मतलव ती पेन्टिकोष्टलले त्यो देख्दैनन्?"

मैले भने, "होइन।"

117 उहाँले भन्नुभयो, "म यो देख्छु।" र एउटा क्याथोलिक पुजारी पनि,! अँ–ह। उहाँले भन्नुभयो, "तपाई किन जानुभएन?"

मैले भने, "शान्त बस्नुहोस्।"

उहाँले भन्नुभयो, "परमेश्वरको महिमा होस्! म यो देख्छु।"

118 र लगभग त्यस समयमा पवित्र आत्मा उहाँकी बहिनीमा पर्नुभयो, त्यहाँ सभामा बसिरहनुभएको थियो। र उनी उठिन्, अन्यभाषाहरुमा बोल्दै, र त्यहि कुराको व्याख्या दिनुभयो जसको बारेमा पुजारी र मैले मंचमा बोल्दै थियौ। पूरै मण्डली, पूरा ठाउ, गर्जनमा गयो। गत हप्ता, वा गत हप्ता अघि, ओरल रोबर्टको अधिवेशनमा लगियो, र त्यो अधिवेशनको भाषण थियो। कसरी त्यो पुजारी...पवित्र आत्माको मुनि बस्दै, त्यहाँ एउटा महिला मार्फत प्रकट हुनुभयो, उहाँको बहिनी थिईन् मलाई लाग्छ, माथि त्यहाँ मंचमा के भईरहेको थियो, र हामीले लुकाईराखेका कुराहरु प्रकट गर्यौ।

119 जुन घडीमा हामी जिईरहेका छौ, आजको दिनमा यो धर्मशास्त्र पूरा भएको छ। यस दिन साँझको ज्योति आएको छ, र हामीले यो देख्न सकेनौ। ध्यान दिनुहोस्।

120 यूहन्नाले भने, "आज म 'उजाडस्थानमा कराउनेको आवाज हुँ,' जस्तो यशैया अगमवक्ताले भनेका थिए, 'परमप्रभुको निम्ति बाटो तयार गर।'"

121 तिनीहरुले यो बुझेनन्। भने, "ओ, तपाई येशू हुनुहुन्छ...तपाई—तपाई ख्रीष्ट हुनुहुन्छ," बरु।

122 उसले भन्यो, “म ख्रीष्ट होइन।” उसले भन्यो, “म उहाँको जुत्ता फुकाल्न योग्यको छैन। तर,” उसले भन्यो, “उहा तिमीहरुको माझमा उभिरहनुभएको छ, कतै,” किनकि उहाँ त्यहाँ हुनुहुनेछ भनि उनी निश्चित थिए। ऊ आफ्नो दिनमा हुनेछ, किनकि परमेश्वरले उसलाई उसले मसिहको परिचय दिनेछ भनि भन्नुभयो।

123 एकदिन एउटा जवान मानिस त्यहाँबाट भएर हिडेर आयो, र उनले आफ्नो टुप्पोमा एउटा ज्योति जस्तो देखे, एउटा चिन्ह। र उनी कराए, “हेर, परमेश्वरको थूमा! आजको दिनमा यो धर्मशास्त्र तिम्रो अगाडि पूरा भएको छ।” पक्कै पनि।

124 पेन्टिकोष्टको दिनमा, कसरी पत्रुस खडा भए र तिनीहरुको योएल २:३८ को धर्मशास्त्र उद्धृत गरे। जब, तिनीहरु सबै हाँसिरहेका थिए, ती मानिसहरु। तिनीहरु आफ्नै भाषामा बोल्न सक्दैन थिए। तिनीहरुले केहि अरु कुरालाई हल्लाउदै थिए। बाइबलले भनेको छ, “जिब्रो बोल्ने।” *क्लोभेन* एउटा “भाग गरिएको” जिब्रो हो, केहि नबोली, केवल एउटा जिब्रो हो। रक्सीले मातेको मानिसहरुको झुण्ड जस्तै गरी दौडिरहेको!

125 तिनीहरु सबैले भने, “ठिक छ, यी मानिसहरु रक्सीले मातेका छन्। तिनीहरुलाई हेर्नुहोस्, हेर्नुहोस् तिनीहरुले कस्तो व्यवहार गरिरहेका छन्, कसरी तिनीहरु महिला र पुरुषहरु। तिनीहरु अव्यवस्थित छन्,” त्यस दिनको धार्मिक समूहले भने।

126 पत्रुस तिनीहरुको माझमा उभिए, र भने, “मानिसहरु र दाजुभाईहरु, तिमीहरु जो यरूशलेममा बस्छौ, र तिमीहरु जो यहूदियामा बस्छौ, यो तपाईलाई थाहा होस् कि यी रक्सीले मातेका होइनन्, जस्तो तपाईले सोच्नुहुन्छ, यो देखेर कि यो दिनको तेस्रो घण्टा हो। तर यो त्यो हो जुन अगमवक्ता योएलद्वारा भनिएको थियो, ‘यो अन्तिम दिनहरुमा पूरा हुनेछ, म मेरो आत्मा सबै शरीरमा खन्याउनेछु।’ यस दिन यो धर्मशास्त्र पूरा भयो।” पक्कै पनि।

127 लूथर ठिक समयमा थियो। वेस्ली ठिक समयमा थियो। पेन्टिकोष्ट ठिक समयमा थियो। केहि पनि क्रम बाहिर छैन।

128 अब म तपाईलाई आजको लागि प्रतिज्ञा गरिएको वचनसंग, हामी अहिले जिईरहेको युग र समयलाई विचार गर्न चाहन्छु। यदि पहिले अन्य युगहरुमा, मानिसहरुले यसो भन्न सक्थे, “यो दिन यो धर्मशास्त्र,” “यो

दिन यो धर्मशास्त्र," त्यसोभए यस दिनको लागि धर्मशास्त्रको बारेमा के छ? यस दिनको लागि के प्रतिज्ञा गरिएको छ? हामी कहाँ उभिरहेका छौ? हामी कुन घडिमा जिईरहेका छौ, जब घडि धड्किरहेको छ, वैज्ञानिक घडि, मध्यरातभन्दा तिन मिनेट अगाडि? संसारले झमेला पाएको छ। मण्डली भ्रष्टताको ओछ्यानमा छ। त्यहाँ कसैलाई थाहा छैन तिनीहरु कहाँ उभिरहेका छन्। यो दिनको कुन समय हो? यस दिनको लागि धर्मशास्त्रको बारेमा के छ? मण्डलीको अवस्थाहरु, वा, आजको मण्डलीको अवस्थाहरु!

129 संसारमा, राजनीति, हाम्रो विश्व प्रणाली, यो हुनसक्ने जत्तिकै सडेको छ। म एउटा राजनीतिज्ञ होइन। म एउटा इसाई हुँ। तर, मसंग राजनीतिको बारेमा कुरा गर्ने कुनै व्यवसाय छैन, तर म केवल भन्न चाहन्छु कि तिनीहरु दुवै तर्फी सडेका छन्।

130 मैले एकपटक भोट दिएँ, त्यो ख्रीष्टको लागि थियो; मैले जित्नुपर्छ। शैतानले मेरो विरुद्धमा भोट हाल्यो, र ख्रीष्टले मलाई भोट दिनुभयो; मैले मेरो भोट कुन तरिकामा हाल्छु त्यसमा भर पर्छ। म खुसी छु कि मैले यो उहाँमा हाले; तिनीहरुले जे चाहन्छन् त्यो संसारलाई भन्न दिनुहोस्। उहाँ हिजो, आज, र सधैभरि एकसमान हुनुहुन्छ भनि म अझै पनि विश्वास गर्छु। उहाँले यो प्रमाणित गर्नुहुनेछ। उसले पक्कै पनि गर्नेछ। पक्कै पनि।

अपराधमा वृद्धि, किशोर अपराध!

131 हाम्रो देशलाई हेर्नुहोस्, एक पटक पृथ्वीको फूल, हाम्रो महान लोकतन्त्र त्यहाँ स्थापना भएको थियो—स्वतन्त्रताको…घोषणामा, र स्वतन्त्रताको घोषणामा हस्ताक्षर भएको थियो, र हामीसंग लोकतन्त्र थियो, र हाम्रा महान् पुर्खाहरु, र ती कुराहरु जुन तिनीहरुले गरे, हामीसंग एउटा महान् राष्ट्र थियो।

132 तर उनी अहिले सड्दै, र टुक्रा, र हल्लाउदै, र खुकुलो हुदै। र मानिसहरुलाई कर लगाउने कोशिष गर्दै, पारी पठाउनको लागि पैसा लिनको लागि, तिनीहरुका शत्रुहरुसंग मित्रता किन्न; तिनीहरुले यसलाई हाम्रो अनुहारमा फर्काई रहेका छन्। एउटा विश्वयुद्ध, दुई विश्वयुद्ध, र अझै पनि तेस्रो विश्वयुद्धमा सर्दै छ। पक्कै पनि। राजनीति सडेको छ, भ्रष्ट छ, सडिएको छ तल्लोसम्म। ठिक ठ्याक्कै जस्तो मत्ती २४ ले भनेको थियो, "राष्ट्र राष्ट्रको विरुद्धमा, राज्यको विरुद्धमा राज्य हुनेछ।" यी सबै कुराहरु

हुनेथियो। यसलाई अब विचार गरौ। ठिक छ।

133 अर्को ध्यान दिनुहोस्, वैज्ञानिक अनुसन्धानमा भएको वृद्धि। अब, एक पटक, केवल एउटा...मेरो हजुरबुवा मेरो हजुरआमालाई हेर्न एउटा गोरुको गाडामा जानुभयो। अब यो एउटा जेट प्लेन हो, वा हावामा एउटा कक्षामा, बाह्य अन्तरिक्षमा। यो महान...कसरी, कसले यो भन्यो? दानिएल १२:४ ले भन्यो, "अन्तिम दिनहरुमा ज्ञान बढ्नेछ।" हामी जिईरहेको घडि देख्छौ। अब ध्यान दिनुहोस्—संसारको अवस्था, विज्ञानको अवस्था।

134 र फेरी पनि ध्यान दिनुहोस्, आज, हाम्रो शैक्षिक प्रणालीमा। अब यसलाई इन्कार गर्ने कोशिष नगर्नुहोस्। मसंग अखबारका क्लिपिंगहरु छन्, हाम्रो मण्डलीमा यौन सिकाउदै–...हाम्रो विद्यालयमा, युवा विद्यार्थीहरुलाई एक अर्कासंग यौन सम्बन्ध राख्नको लागि, यो हेर्नको लागि कि तिनीहरुले संसारमा जीवनसाथी गर्न सक्छन्। हो, श्रीमान।

135 हाम्रो पूजाहारीपनको बारेमा के छ? आज राति मैले कागजबाट एउटा टुक्रा पाएको छु। लस एन्जलस, क्यालिफोर्नियामा, जहाँ पादरीहरुको झुण्ड, ब्याप्टिष्ट र प्रेस्बिटेरियन, सेवकहरु, उनले समलिङ्गीहरुको समूहलाई भित्र ल्याए र तिनीहरुले परमेश्वरमा जित्ने कोशिष गर्दैछन् भनि, समलिंगी अभ्यास गरे। जब, त्यो समयको श्राप मध्ये एक हो, एउटा सदोमी! र कानूनले तिनीहरुलाई गिरफ्तार समेत गर्यो।

136 अब हामी कहाँ छौ? हाम्रो सारा प्रणाली हाम्रो मुनिबाट सडिएको छ। मैले देखेको छु कि संयुक्त राज्य भरमा समलिङ्गीहरुको वृद्धि गत वर्षको तुलनामा बीस वा तिस प्रतिशतले बढेको छ। त्यसको बारेमा सोच्नुहोस्, पुरुष पुरुषसंग जिउदै, ठ्याक्कै जस्तो तिनीहरुले सोदोममा गरेका थिए।

137 अपराधमा बृद्धि, किशोर अपराध! हामी कुन घडीमा जिईरहेका छौ? यस दिन अगमवाणीको वचन पूरा भएको छ।

138 धार्मिक संसार, मण्डली आफै, मण्डली, बोलाईएको मण्डली, जसलाई हामीले बोलाएको मण्डली, अन्तिम मण्डलीको युग, पेन्टिकोष्टल मण्डलीको युग, यो कहाँ छ? यो लाओडिसियामा छ, जस्तो धर्मशास्त्रले भनेको छ।

139 आज तिनीहरुले बारहरु तल छोडेका छन्। तिनीहरुका महिलाहरु आधा लुगा लगाएका छन्। तिनीहरुका मानिसहरु...यो एउटा भयानक कुरा हो। ती मध्ये केहिले तिन वा चार पटक विवाह गरे, डिकन बोर्डमा, र

सबैकुरा। तिनीहरु तल ल्याएका छन्, र भ्रष्टतामा ल्याएका छन्, किनभने तिनीहरु परिषदमा बसेका छन् र संसारसंग आफ्नो स्थान लिएका छन्।

140 र, आज, तिनीहरुले राम्रा भवनहरु पाएका छन्, तिनीहरुसंग कहिल्यै थिएन। कुनै ठाउमा, ती मध्ये एउटाले पचास–मिलियन डलर, पचास मिलियन डलरमा सभागृह निर्माण गरिरहेको छ। पेन्टिकोष्टलहरु! यो तल कुनामा हुन्थ्यो, पच्चीस वर्ष अगाडि, खैजडी पिटाईरहेको थियो। भन्यो, "हामी..."

141 किनभने, धर्मशास्त्रले भनेको छ, प्रकाश ३ मा, कि तपाई "'धनी,' भन्नुभयो, 'म धनी हुँ। म रानीको रूपमा बस्छु। मलाई केहि पनि चाहिदैन।' र के तिमीलाई थाहा छैन कि तिमी दरिद्र, दुखि, गरीब, नाङ्गो, अन्धो, र यो जान्दैनौ!"

142 यस दिन यो धर्मशास्त्र तपाईको आँखामा पूरा भएको छ। आमेन! *आमेनको* अर्थ "यस्तो नै होस्।" म आफैलाई आमेन भन्दै छैन, तर मेरो मतलब यो सत्य हो भनि म विश्वास गर्छु। यस दिन यो धर्मशास्त्र पूरा भएको छ।

143 पेन्टिकोष्टल मण्डली लाउडिसियाको अवस्थामा छ। ओ, तिनीहरु अझै पनि उफ्रिन्छन् र कराउछन्, र संगीत बजिरहेको बेलामा जारी नै राख्छन्। जब संगीत बज्न बन्द हुन्छ, वा बीटनिक संगीत ती मध्ये केहि बज्छन् र यसलाई इसाई धर्म भन्छन्, र जब त्यो रोकिन्छ, सबै महिमा गएको छ। हो।

144 यदि यो परमेश्वरको वास्तविक प्रशंसा हो भने, त्यसलाई रोक्नको लागि त्यहाँ पर्याप्त सिट्टी र पर्याप्त—संसारमा पर्याप्त शक्ति छैन। जब यो वास्तवमै परमेश्वरबाट आउँदछ, यसलाई पिट्नको लागि संगीत चाहिदैन। यसमा तल आउनको लागि परमेश्वरको आत्मा चाहिन्छ। त्यसले नै गर्छ।

145 र तिनीहरुले लामो समयदेखि यो बिर्सेका छन्, किनभने तिनीहरुले पवित्र आत्माको वरदानलाई वर्गीकरण गरेका छन्, "अन्यभाषामा बोल्ने प्रारम्भिक प्रमाण।" र मैले दुष्ट र बोक्सीले अन्यभाषामा बोलेको सुने।

146 पवित्र आत्मा तपाई भित्र परमेश्वरको वचन हो, जसले त्यो वचन स्वीकार गरेर आफैलाई पहिचान गराउछ। त्यो भन्दा बाहिर, यो पवित्र आत्मा हुनसक्दैन। यदि यसले यो पवित्र आत्मा हो भनि भन्छ, र त्यस बाइबलको

एउटा वचनलाई इन्कार गर्छ भने, त्यो पवित्र आत्मा हुन सक्दैन। त्यो प्रमाण हो चाहे तपाईले विश्वास गर्नुस् या नगर्नुस्।

147 अर्को महान् चिन्हलाई ध्यान दिनुहोस्। यहूदीहरु आफ्नो मातृभूमिमा छन्; तिनीहरुको आफ्नै देश, आफ्नै पैसा, संयुक्त राष्ट्र संघको एक सदस्य। तिनीहरुको आफ्नै सेना छ। तिनीहरुले सबै पाएका छन्। तिनीहरु आफ्नो मातृभूमिमा छन्; जुन, येशूले भन्नुभयो, "अञ्जीरको रूखको दृष्टान्त सिक।" त्यहाँ तिनीहरु छन्, ठिक आफ्नो देशमा। यस दिन यो धर्मशास्त्र पूरा भएको छ, यहूदीहरु तिनीहरुको मातृभूमिमा छन्।

148 यस दिन यो धर्मशास्त्र पूरा भएको छ, लाउडिकिया मण्डलीको युग।

149 यस दिन यो धर्मशास्त्र, मत्ती २४, पूरा भएको छ। संसार भ्रष्टतामा छ, सबै कुरा; राष्ट्रहरु राष्ट्रहरुको विरुद्धमा, विभिन्न ठाउँमा भूकम्पहरु, ठूला बतासे भुमरी आईरहेको छ, राष्ट्रहरुलाई हल्लाउदै, र त्यस्तै, जताततै ठूलो विपत्ति आईरहेको छ। यस दिन यो धर्मशास्त्र पूरा भएको छ।

150 अब हामीले संसारको अवस्था थाहा पायौ। हामीले देख्छौ कहाँ मण्डली सामान्य—सामान्य छ, संगठन, नामधारी संस्था, हामीले देख्छौ तिनीहरु कहाँ छन्। हामीले देख्छौ राष्ट्रहरु कहाँ छन्। र आज यी प्रतिज्ञाहरु पूरा भएको हामीले देख्छौ।

151 अब, तर यस दिनमा त्यहाँ एउटा महान्, अब्राहामको शाही सन्तान आउनेवाला छ। ठ्याक्कै त्यहि नै हुनेथियो, प्रतिज्ञाको पुत्रको लागि शाही दुलही हुनेछ। जस्तो मैले गत राति भनेको थिए, यो एउटा प्राकृतिक विउ हुनेछैन, यो एउटा आत्मिक बीउ हुनेछ। त्यहाँ एउटा आत्मिक दुलही उठ्नुपर्नेछ, जो अब्राहामको शाही पुत्रको शाही विश्वासको शाही सन्तान हुनेछ। उनी अन्तिम दिनहरुमा देखा पर्नेछिन्, र समय र स्थान एउटा प्रतिज्ञा हो जुन उनलाई दिईएको छ।

152 मलाकी ४ अनुसार, एउटा धर्मशास्त्र, त्यहाँ एउटा संदेश उठ्ने छ जसले मानिसहरुको हृदयलाई फेरी प्रेरित पुर्खाहरुमा हल्लाउनेछ। त्यहाँ दृश्यमा एउटा उठ्ने छ, एलियाको शक्तिमा, जो दृश्यमा उठ्नेछ; एउटा उजाडस्थानको मानिस जो बाहिर आउनेछ, र एउटा संदेश हुनेछ जुन सिधै वचनमा फेरी दौडनेछ। त्यहि नै घडी हो जहाँ हामी जिईरहेका छौ।

153 त्यसोभए, अब विचार गर्नुहोस्, यस घडीमा म तपाईलाई सोध्छु, तपाई यहाँ जेफर्सनभिलका मानिसहरु। १९३३ मा, अलौकिक ज्योति जुन तल

नदीमा खस्यो, त्यो दिन जब मैले येशू ख्रीष्टको नाउँमा पाँच सय जनालाई बप्तिष्मा दिदै थिए, लगभग एउटा बिस वर्षको केटा जस्तै गरी। यसले के भनेको छ, जेफरसनभिल? त्यहाँ स्प्रिंग स्ट्रिटको फेदमा यो के थियो, जब *कुरियर जर्नल,* म विश्वास गर्छु कि यो *लुइसभिल हेराल्ड* थियो, त्यसको लेख भरिएको थियो? यो एसोसिएटेड प्रेसमा साहुल गयो, क्यानाडामा। डाक्टर ली भेलले यसलाई कागजबाट काटे, माथि क्यानडामा, १९३३ मा।

154 जब मैले मेरो सत्रौ व्यक्तिलाई बप्तिष्मा दिदै थिए, यो साक्षी अन्तर्गत; र बाकि कथा तपाईलाई थाहा छ। र जब म त्यहाँ उभिरहेको थिए, सत्रौ व्यक्तिलाई बप्तिष्मा दिदै थिए, स्वर्गबाट एउटा ज्योति आयो, माथि त्यहाँ तल चम्किरहेको, स्वर्गबाट खसेको तारा जस्तै। एउटा आवाजले भन्यो, "जसरी बप्तिष्मा दिने यूहन्ना ख्रीष्टको पहिलो आगमनको लागि पठाईएको थियो, तपाईको सन्देश उहाको दोस्रो आगमन, सारा संसारमा पुर्याउछ।" यस दिन यो धर्मशास्त्र पूरा भएको छ।

155 यो दिन! परमेश्वरले यो प्रतिज्ञा गर्नुभयो। के भयो? यो दिन यो संसारभरि गएको छ।

156 र जब परमेश्वर त्यहाँ तल आउनुभयो र त्यो भन्नुभयो, जब म सानो केटा थिए, जलिरहेको झाडीमा, वा त्यहाँ माथि पोथ्रा, आगोको स्तम्भ सहितको आगोमा, माथि यहाँ युटिका पाइकमा वाथेनको स्थानमा; त्यहाँ पछाडि पानी भर्दै, त्यो खलिहानबाट चन्द्रमासम्म, तपाईलाई यसको सत्यता थाहा छ। उहाँले भन्नुभयो, "तिमीले कहिल्यै पनि धुम्रपान, वा पिउने, वा आफ्नो शरीरलाई अशुद्ध नबनाऊ, किनकि त्यहाँ तिमीले गर्नुपर्ने एउटा काम छ जब तिमी बुढो हुन्छौ।" म त्यो सत्य हो भनि गवाहि दिन्छु, कि मैले यो देखेको छु। र परमेश्वर, जसरी उहाँले मोसासंग गर्नुभयो, तल मण्डलीको अगाडि बोल्नुभयो, र भन्नुभयो, "यो सत्य हो।"

यस दिन यो धर्मशास्त्र हामीहरुको माझमा पूरा भएको छ।

157 ध्यान दिनुहोस् कि उहाँले विवेकको बारेमा के भन्नुभयो, र यो कस्तो हुनेछ; तिनीहरु माथि हात राख्ने देखि, हृदयका रहस्यहरु जान्नसम्म। यस दिन यो धर्मशास्त्र हाम्रो आँखाको अगाडि पूरा भएको छ।

158 यी प्रतिज्ञाहरु जुन बनाईएको थियो, ध्यान दिनुहोस्, यी सबै प्रतिज्ञाहरु प्रतिज्ञाको परमेश्वरद्वारा प्रमाणित र पूरा भएका थिए। हेर्नुहोस्, आज राति

वाशिंगटन, डीसीमा, प्रभुको स्वर्गदूतको तस्बिर झुण्डिएको छ!

159 जर्ज जे लेसीबाट, एफबीआई फिंगरप्रिन्ट र संयुक्त राज्य सरकारको कागजातको प्रमुख, यसलाई ह्युस्टन, टेक्सासबाट जाँच गरे, र भन्यो, “यो मात्रै एउटा अलौकिक प्राणी हो जसको तस्बिर सारा संसारमा खिचिएको थियो।” उसले जान्नुपर्दछ; ऊ संसारको सर्वश्रेष्ठ हो, यसको लागि।

160 ध्यान दिनुहोस्, त्यहाँ यो झुण्डिएको छ, सत्यको रूपमा, उही आगोको खम्बा जसले इस्राएललाई पछाडि उजाडस्थानमा डोहोर्यायो। यसले आज अगुवाई गरिरहेको छ, उही खालको संदेशको, “मिश्रबाट बाहिर आऊ!”...?...यस दिन यो धर्मशास्त्र पूरा भएको छ। उहाँले भन्नुभएको संदेश तपाईलाई थाहा छ।

161 ट्युक्सनको दर्शनलाई हेर्नुहोस्, तिन वर्ष अगाडि, जब यहाँ लेनमा उभिरहेको थियो। जब, त्यो पाँच वर्ष अगाडि, उहाँले भन्नुभयो, “जुन दिन शहरले मूल ढोकाको अगाडि खम्बा बनाउछ, आफैलाई पश्चिम तर्फ फर्काऊ।” मेरा मण्डलीका मानिसहरु जो यहाँ हुनुहुन्छ, तिनीहरुलाई थाहा छ–...त्यो—त्यो समय। त्यो सहि हो।

162 र जुन दिन श्रीमान् गोयनेस र तिनीहरु त्यहाँ माथि थिए, र त्यो खम्बालाई तल ल्याएका थिए, मैले श्रीमतीलाई भने, “त्यहाँ यसको बारेमा केहि छ।”

उनले भनिन्, “यो के हो?”

र म भित्र गए र मेरो सानो पुस्तकमा हेरे। त्यहाँ यो थियो।

163 र अर्को बिहान, दस बजे, त्यहाँ बसिरहेको, मेरो कोठा त्यहाँ, लगभग दस बजे, प्रभुको स्वर्गदूत तल आउनुभयो। उहाँले भन्नुभयो, “ट्युक्सनमा जानुहोस्। तपाई ट्युक्सनको उत्तरपूर्वीमा हुनुहुनेछ, र त्यहाँ सात स्वर्गदूतहरु झुण्डमा आउनेछन् जसले तिम्रो वरपर सारा पृथ्वी हल्लाउनेछन्।” र भन्यो, “यो तिमीलाई त्यहाँबाट भनिनेछ।”

164 कतिजनाले त्यो कुरा याद गर्नुहुन्छ, यहाँ, यो हुनभन्दा धेरै अगाडि? [मण्डलीले भन्छ, “आमेन।”—सम्पा।] त्यहाँ आजराति यस भवनमा पुरुषहरु बसिरहनुभएको छ, ठिक त्यहाँ उभिरहनुभएको थियो जब यो घटना भयो।

165 र भन्नुभयो, “पूरा बाइबलको लुकेका रहस्यहरुको सात मोहोरहरु खोलिनेछ, र प्रकाश १० पूरा गर, ताकी सातौ स्वर्गदूतको सन्देशमा यी कुराहरु पूरा हुन आओस्।” यस दिन यो धर्मशास्त्र हाम्रो आँखाको अगाडि पूरा भएको छ। यस दिन यो धर्मशास्त्र पूरा भएको छ।

166 गत वर्ष, त्यहि ठाउमा उभिदै, यहाँ श्रीमान वूड र म, माथि डाँडामा जाँदै, एक प्रकारको शोकमा, आफ्नी श्रीमती बिमार भएको बारेमा, पवित्र आत्माले भन्नुभयो, “त्यहाँ रहेको एउटा चट्टान उठा। यसलाई हावामा फाल्नुहोस्। जब यो तल आउँछ, भन्नुहोस्, ‘परमप्रभु यसो भन्नुहुन्छ, त्यहाँ पृथ्वीमा इन्साफ हुनेछ।’ उसलाई भन्नुहोस् कि उसले परमेश्वरको हात अबको केहि घण्टामा देख्नेछ।”

167 मैले श्रीमान वूडलाई भने; आज राति उपस्थित हुनुहुन्छ। र, मलाई लाग्छ, आठ वा दस पुरुष, वा पन्ध्र, त्यो त्यहाँ त्यो समयमा थियो जब यो घटना भएको थियो; अर्को बिहान, जहाँ प्रभु भुमरीमा तल आउनुभयो र हाम्रो वरपरको पहाडलाई च्यात्नु भयो, र रूखको टुप्पो खुकुलो काट्यो, र तिनओटा विस्फोट गराए, र भने, “न्याय पश्चिमी तट तर्फ गइरहेको छ।”

168 त्यसको दुई दिन पछि, अलास्का लगभग पृथ्वीको मुनि डुब्यो। र त्यसबेला देखि, माथि–र–तल तटमा, त्यो आत्मिक पर्दाको विरुद्धमा परमेश्वरको इन्साफ भयो। त्यहाँ एउटा फलामको पर्दा छ, त्यहाँ बाँसको पर्दा छ, र त्यहाँ एउटा पापको पर्दा छ।

169 सभ्यता सूर्यसंगै यात्रा गरेको छ; त्यसरी नै सुसमाचार पनि छ। तिनीहरु पूर्वबाट आए र पश्चिममा गए, जसरी सूर्य जान्छ। र अहिले यो पश्चिमी तटमा छ। यो अगाडि जान सक्दैन; यदि यो अगाडि जान्छ भने, यो फेरी फर्केर पूर्वमा हुनेछ।

170 अगमवक्ताले भनेका थिए, “त्यहाँ यस्तो दिन आउनेछ जसलाई दिन र रात भन्न सकिदैन,” एउटा निराशाजनक दिन, धेरै पानी र कुहिरो, मण्डलीमा कसरी सामेल हुने वा पुस्तकमा तपाईको नाम कसरी राख्ने भनेर जान्नको लागि पर्याप्त छ। “तर त्यो साँझको समयमा लगभग उज्यालो हुनेछ।” यस दिन यो धर्मशास्त्र पूरा भएको छ।

171 उही—उस्तै एस–यु–एन जुन पूर्वबाट उदाउछ त्यहि एस–यु–एन पश्चिममा अस्ताउछ। र उही परमेश्वरको पुत्र एस–ओ–एन जो पूर्वमा आउनुभयो र परमेश्वर शरीरमा प्रकट हुनुभएको रूपमा आफैलाई प्रमाणित

गर्नुभयो, उही नै परमेश्वरको पुत्र एस–ओ–एन यहाँ पश्चिमी गोलार्धमा हुनुहुन्छ, जसले आफैलाई आज राति मण्डलीको माफमा पहिचान गराउदै हुनुहुन्छ, हिजो, आज, र सधैभरि एकसमान हुनुहुन्छ। पुत्रको साँफको ज्योति आएको छ। यस दिन यो धर्मशास्त्र हाम्रो अगाडि पूरा भएको छ।

172 यो अब्राहामको युगमा हामी कहाँ छौ? हामी कहाँ उभिरहेका छौ यो महान् समयमा, हामी जिईरहेको महान् घडी? सबै दर्शनहरु पूरा भएको छ।

173 कस्तो छ जब हाम्रो एउटा सानो सेवक मित्र यहाँ, सहयोगी बहिनी मण्डली, जुनियर ज्याक्सन, एक रात हामीकहाँ दौडेर आउनुभयो, म त्यहाँ तल, भन्नुभयो, "मैले एउटा—एउटा सपना देखेको थिए, भाई ब्रन्हाम, जसले मलाई सताएको छ। मैले सबै दाजुभाईहरु डाँडामा भेला भएको देखे।" र भन्नुभयो, "यो डाँडामा, तपाईले हामीलाई लेखिएको पत्रहरुबाट सिकाउदै हुनुहुन्थ्यो, यस्तो देखिन्थ्यो, केहि अक्षरहरुमा त्यो समय चट्टानमा खोपेको थियो। जब तपाईले त्यो समाप्त गर्नुभयो, त्यो सबै समाप्त भयो, तपाईले हामीलाई भन्नुभयो, भन्नुभयो, 'नजीक आऊ,' र हामी सबै भेला भयौ।"

174 भन्नुभयो, "तपाई कतैबाट पुग्नुभयो र, जस्तो देखिन्थ्यो, काग जस्तो भयो र यो सानो पिरामिडको टुप्पो खुल्ला कोर्राले हाल्यो। र, जब यो भयो," भन्नुभयो, "ग्रेनाइट चट्टान जसमा लेखिएको छैन। र तपाईले हामीलाई 'यसमा हेर्नु' भन्नुभयो।" र तपाईहरु सबै..."हामी सबैले हेर्न थाल्यौ।" भन्नुभयो, "मैले मेरो टाउको फर्काए, र मैले तपाई पश्चिम तर्फ जाँदै गरेको याद गरे, जति सक्दो कडा, घाम अस्ताउन तिर।" कतिजनाले यो सम्फनुहुन्छ? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।]

175 र पवित्र आत्माले प्रकट नगरेसम्म म त्यहाँ थोरै उभिए। मैले भने, "पूरा बाइबल, जति मानिसमा प्रकट गरिएको छ, धार्मिकता, पवित्रीकरण, पवित्र आत्माको बप्तिष्मा, येशूको नाउमा बप्तिष्मा, र यी सबै कुराहरु, प्रकट गरिएको छ; तर त्यहाँ भित्र रहस्यहरु लुकेका छन्, किनभने बाइबल सात मोहोरले छाप लगाएको छ। म त्यहाँ जानुपर्छ र यो खोज्नलाई।"

176 त्यो बिहान जब ती सात स्वर्गदूतहरु तल आए र पृथ्वीमा विस्फोट गरे, र चट्टानहरु चारैतिर उड्यो, सात स्वर्गदूतहरु त्यहाँ उभिए र भने, "फर्केर जेफरसनभिलमा फर्कनुहोस्, जहाँबाट तपाई आउनुभएको छ, किनकि सात रहस्यहरुका सात मोहोरहरु खोलिनेछ।"

177 यहाँ हामी छौ, आज, *सर्पको बीउलाई* बुझ्दै। केहि दिनमा, यदि परमेश्वरको इच्छा भए, हामीले *विवाह र सम्बन्ध विच्छेदको* सहित बुझ्नेछौ। र यी सबै कुराहरु जुन परमेश्वरले खोल्नुभएको छ, हरेक छाप, संसारको उत्पत्ति भए देखि नै रहस्यहरु छन्। र हामी आनन्दमा भएका छौ, उहाँको आशिषको उपस्थितिमा! त्यो सत्य हो। यो दिन, यो धर्मशास्त्र!

178 *लाइफ* पत्रिकाले यसको एउटा लेख राख्यो, "ज्योतिको रहस्यमय चक्र ट्युक्सन र फिनिक्स माथि हावामा जान्छ," त्यहि तरिकामा जुन मैले तपाईलाई यो हुनुभन्दा झन्डै एक वर्ष अगाडि भनेको थिएँ, यो कस्तो हुनेछ, र एउटा त्रिकोण जस्तो। तस्बिर त्यहाँ तल मण्डलीमा झुण्डिएको छ। त्यो पत्रिका लिने तपाईसंग यो छ। त्यहाँ यो थियो, ठिक ठ्याक्कै। तिनीहरुले भने, "यो सत्ताईस मिल अग्लो र तिस मिल पारी छ।" के भयो तिनीहरुले अझै पनि बुझेका छैनन्। यो रहस्यमय रूपमा देखा पर्‍यो र रहस्यमय रूपमा गयो।

179 भाई फ्रेड सोथमन, भाई जिन नोर्मन र म, त्यहाँ उभिरहनुभएको छ, तिन जना साक्षी हुनुहुन्छ, जस्तो कि डाँडाको माथिल्लो भागमा छ: पत्रुस, याकूब, र यूहन्ना, गवाहि दिनको लागि, त्यहाँ उभिएर हेरे जब यो भयो, र यो भएको देखे।

180 त्यहाँ यो छ, आकाशमा झुण्डिरहेको; अहिले सम्म, त्यहाँ कुनै आर्द्रता छैन, कुनै चिस्यान छैन वा—कुहिरो बनाउनको लागि केहि पनि छैन। तिनीहरु त्यहाँ कसरी आउन सक्थे? यो परमेश्वरका स्वर्गदूतहरु आफ्नो सन्देश पछि फर्केर आएका थिए। आजको दिन त्यो अगमवाणी हाम्रो माझमा पूरा भएको छ। यस दिन यो धर्मशास्त्र पूरा भएको छ।

181 हेर्नुहोस्, सात मोहोरहरु खोलिएको छ। आँधी पश्चिमी तटमा छ। अब, यसलाई नछुटाउनुहोस्, जस्तो तिनीहरुले पहिले गरेका थिए।

182 अब, हाम्रो ध्यान, हाम्रो दिन अलिकति नजिक छ। धर्मशास्त्रले आज, र हामी जिईरहेको समयको बारेमा के भन्छ? येशूले बोल्दै हुनुहुन्थ्यो...मसंग ती सबैलाई लिनको लागि समय छैन, तर हामी बन्द गर्नुभन्दा अगाडि म यो लिन चाहन्छु।

183 येशूले भन्नुभयो, सन्त लूकाको १७ औं अध्यायमा, ३० औं पदमा। येशू ख्रीष्ट, वचन स्वयम्! के तपाई त्यो विश्वास गर्नुहुन्छ? येशू ख्रीष्ट, वचन आफै, शरीर बनाउनुभयो, बोल्नुभयो र भन्नुभयो कि अन्तिम समयमा वचन

के हुनेछ, संसारको अन्त्यको चिन्ह के हुनेछ। उहाँले तिनीहरुलाई भन्नुभयो कि राष्ट्र राष्ट्रको विरुद्धमा उठ्नेछ, तर उहाँले भन्नुभयो, "जस्तो सोदोमको दिनमा भएको थियो, त्यस्तै नै मानिसको पुत्र प्रकट हुने दिनमा हुनेछ।"

184 अब, जब येशू पृथ्वीमा आउनुभयो, उहाँ तिनओटा पुत्रको नाउँमा आउनुभयो: मानिसको पुत्र, जो अगमवक्ता हुनुहुन्छ; परमेश्वरको पुत्र; र दाऊदको पुत्र।

185 अब, उहाँ यहाँ पृथ्वीमा बस्नुभयो। उहाँले कहिल्यै पनि आफू परमेश्वरको पुत्र हुँ भनि भन्नुभएन, उहाँले भन्नुभयो, "म मानिसको पुत्र हुँ।" यहोवा, आफैले, इजकिएल र अगमवक्ताहरुलाई, "मानिसको पुत्र," भन्नुभयो किनभने, उहाँ एक अगमवक्ताको रूपमा धर्मशास्त्र पूरा गर्न आउनुपर्थ्यो। मोशाले भने, "परमप्रभु तिमीहरूका परमेश्वरले म जस्तै एउटा अगमवक्ता खडा गर्नुहुनेछ।" त्यहि नै कारणले त्यहाँ उहाँ परमेश्वरको पुत्र हुनसक्नुभएन, किनभने उहाँ मानिसको पुत्र हुनुहुन्थ्यो। उहाँ..."वचन अगमवक्ताहरुकहाँ आयो," र उहाँ वचन आफ्नो पूर्णतामा हुनुहुन्थ्यो, मानिसको पुत्र,—प्रमुख अगमवक्ता, प्रमुख अगमवक्ता होइन, तर परमेश्वर–अगमवक्ता, "शरीरमा परमेश्वरको पूर्णता उहाँमा थियो," त्यसैले, उहाँ मानिसको पुत्र हुनुहुन्थ्यो।

186 अब, दुई हजार वर्ष देखि, उहाँ हामीलाई परमेश्वरको पुत्र, आत्माको रूपमा चिनिनुभएको छ।

187 र हजार वर्षको राज्यमा, उहाँ दाऊदको पुत्र हुनुहुनेछ, सिंहासनमा। हामी सबैलाई त्यो थाहा छ, जसले धर्मशास्त्रलाई विश्वास गर्छौं।

188 अब, येशूले भन्नुभयो, यो मण्डलीको युगको अन्त्यमा जुनमा हामी जिईरहेका छौ, कि "मानिसको पुत्र फेरी पनि त्यहि तरिकामा प्रकट हुनेछ, जस्तो सोदोममा भएको थियो।"

189 हेर्नुहोस् कसरी, ऐतिहासिक रूपमा, उहाँले यो दिनुभयो। उहाले भन्नुभयो, "जस्तो दिनहरुमा भएको थियो," पहिलो, "नोआको, कसरी तिनीहरुले खादै, पिउदै, विवाह गर्दै, विवाह दिदै थिए।" त्यसपछि उहाँले, अर्को, अन्तिम, मानिसको पुत्रको निम्ति, सोदोममा ल्याउनुभयो। किनकि, त्यहाँ उहाँले यहूदीहरुसंग व्यवहार गर्दै हुनुहुन्थ्यो; यहाँ, सोदोममा, उहाँले अन्यजातिहरुसंग व्यवहार गर्दै हुनुहुन्छ। त्यहाँ, उहाँले ती सबैलाई पानीमा डुबाउनुभयो, इन्साफमा; यहाँ, अन्यजातिहरुमा, उहाँले तिनीहरु सबैलाई

सोदोमको दिनमा जलाउनुभयो। त्यो सहि हो। अन्यजातिको संसार त्यहाँ जलेको थियो, “र त्यस्तै नै हुनेछ जब मानिसको पुत्र प्रकट हुनेछ।” यो अब पानी होइन, तर यो समय आगो हुनेछ। येशूले उही उत्पत्ति २३ बाट पढ्नुभयो जुनबाट हामीले पढ्छौ, जब उहाँले सोदोमको बारेमा पढ्नुभयो।

190 अब, हामी ती अवस्थाहरु स्वीकार गर्छौं जसको बारेमा भनिएको छ, सोदोमको संसारको अवस्था, सोदोमको, सोदोमको अवस्था। हामी, हरेकले, त्यसमा “आमेन” भन्नेछौ। हामी त्यो विश्वास गर्छौं। ठिक छ।

191 र लाउडिकियाको आत्मिक अवस्था, मण्डलीको प्राकृतिक, त्यसमा हामी “आमेन” भन्नेछौ, र तिनीहरुको चिन्हहरु स्वीकार गर्नेछौ। हामीलाई थाहा छ कि त्यहाँ हरेक चिन्ह छ। मण्डली लाउडिकियामा छ। हामीलाई त्यो थाहा छ।

192 हामीलाई थाहा छ संसार सदोमको अवस्थामा छ। के त्यो सहि हो? हामी त्यो स्वीकार गर्नेछौ।

193 तर अब्राहामको चिन्हको बारेमा के छ, जो प्रतिज्ञाको छोरालाई पर्खिरहेका थिए? त्यो अर्को थियो।

194 याद गर्नुहोस्, तिनीहरुसंग त्यहाँ पछाडि एउटा सदोम थियो; तिनीहरुसंग तिनीहरुको संदेशवाहक थियो। र अब्राहामको निम्ति एउटा संदेशवाहक थियो।

195 अब्राहामले दिन प्रतिदिन, लगभग एउटा असम्भव कुरा हुनको लागि पर्खिरहेका थिए। “सारा, नब्बे, र उनी एक सय।” परमेश्वरको प्रतिज्ञा अनुसार, उनी अझै पनि पर्खिरहेका थिए। सबै आलोचनाको बीचमा, उनी त्यो छोरालाई पर्खिरहेका थिए।

196 त्यसरी नै के साँचो विश्वासीले अझै पनि प्रतिज्ञाको पुत्र फर्केर आउनुहुन्छ भनि पर्खिरहेका छन्! ध्यान दिनुहोस्, छोरा आउनुभन्दा ठिक अगाडि, उनलाई एउटा चिन्ह दिईएको थियो। के यो अब्राहामको राजकिय सन्तानको निम्ति प्रकट हुनको लागि आउदै गरेको पुत्रको चिन्ह होइन जो शाही पुत्रको निम्ति पर्खिरहेका छन्, जस्तो पिता अब्राहामको जन्मजात छोराको लागि थियो? त्यो सहि हो? येशूले त्यसो भन्नुभयो, यहाँ सन्त लूका १७:३० मा, “यो समय आउनुभन्दा अगाडि,” कि “मानिसको पुत्र सोदोमको विनाश हुनुभन्दा अगाडि, सोदोमको दिनमा जस्तो प्रकट हुनेछ।” अब हामी चिन्ह खोज्दैछौ।

197 अब समयको अवस्थालाई लिऔ जुन सोदोममा भएको थियो। ध्यान दिनुहोस्, तिनीहरु सबै सदोमी, संसारमा गए।

198 मलाई लाग्छ एकजना चलचित्र निर्देशकले एउटा तस्बिरमा राखे, धेरै समय भएको छैन, र मैले यो देखेको थिए, त्यो, *सदोम* थियो। यदि तपाईले कहिल्यै यो देख्नुभयो र त्यहाँ त्यो बाहेक अरु केहि छैन भने, यसलाई हेर्नुहोस्। यो निश्चित रूपमा संयुक्त राज्यको आजको राम्रो तस्बिर हो, हलिवूड, ठिक ठ्याक्कै; उही खालको पोशाक र सबैकुरा जुन तिनीहरुले ठिक त्यसबेला गरेका थिए; ठूला ठूला रक्सी पिएर र अन्य सबैकुराहरु, मानिसहरुको धार्मिक गुट, तथाकथित धार्मिक।

199 ध्यान दिनुहोस्, र सदोमसंग एउटा साक्षी थियो, र यो लोतको नामको एउटा साथी थियो, जो अब्राहामको—भतिजा मात्रै थियो।

200 अब, अब्राहाम तल सोदोममा गएका थिएनन्, उनी र उनको समूह। उनीसंग ठूलो समूह थियो, लगभग एक दर्जन राजाहरु र तिनीहरुको सेनाहरुसंग लड्न पर्याप्त थियो। त्यसैले, उनीसंग ठूलो समूह थियो। र ऊ त्यहाँ बाहिर एउटा फलाँटको रूख मुनि बसिरहेको थियो, एक दिन, जब उसको लागि सबै कुरा गलत भईरहेको थियो; उनीसंग कसैको कुनै सरोकार थिएन, तर उनी अझै पनि त्यो प्रतिज्ञामा अडिग थिए।

अब हामीले बन्द गर्नुभन्दा अगाडि, नजिकबाट हेर्नुहोस्।

201 जब उनी त्यहाँ बसिरहेका थिए, तिनजना मानिसहरु तल आए, उनी तर्फ हिडे। ती मध्ये दुईजना तल सोदोममा गए र तिनीहरुलाई सुसमाचार प्रचार गरे, बाहिर आउनको लागि, लोतलाई। के त्यो सहि हो? तर एकजना अब्राहामसंगै बसे। ध्यान दिनुहोस्, अब्राहामसंग बस्नुहुने परमेश्वर स्वयम् हुनुहुन्थ्यो। अन्य दुई स्वर्गदूतहरु थिए।

202 अब, तल सोदोममा, तिनीहरुले कुनै आश्चर्यकर्म गरेनन्, मात्र तिनीहरुलाई अन्धो बनाए। र सुसमाचार प्रचारले तिनीहरुलाई सधै अन्धो बनाउछ।

203 अब त्यस दिनको सेटमा हेर्नुहोस्। त्यहाँ एउटा प्राकृतिक मण्डली छ। सधै तिनमा, जस्तो मैले गत राति भनेको थिए, परमेश्वरको प्रतिनिधित्व हुन्छ। त्यहाँ सदोमीहरु, लोटाईट्स, र अब्राहामईट्स थिए। यो आजराति त्यहि स्थितिमा छ, संसार ठिक त्यस्तै अवस्थामा रहेको छ।

204 म तपाईलाई केहि सोध्न दिनुहोस्। अहिले यो सेटिंगमा हेर्नुहोस्। अब्राहामले उनीसंग बोल्ने मानिसलाई "एलोहिम" भने। हिब्रू शब्द *एलोहिमको* अर्थ "सबै पर्याप्त, एक जो अनन्त," एलोहिम, परमेश्वर स्वयम् हो!

205 शुरुवातमा, उत्पत्ति १ ले भन्यो, "आदिमा परमेश्वर..." त्यहाँ हिब्रू शब्द लिनुहोस्, या त, वा ग्रीक शब्दलाई लिनुहोस्, बरु, "आदिमा *एलोहिमले* स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो।"

206 यहाँ, उहाँ, उत्पत्तिमा, लगभग २२ यहाँ, उहाँले फेरी भन्नुहुन्छ, वा— या २० को बारेमा, उहाँले भन्नुभयो, र उनले यो मानिसको नाउ "एलोहिम" राखे। उहाँले किन यसो गर्नुभयो? परमेश्वर, मानव शरीरमा प्रतिनिधित्व गर्नुभयो, जो अब्राहामसंग बसे र एउटा बाछोको स्याण्डविच खाए, केहि दुध पिए, र केहि रोटि खाए। परमेश्वर आफै, र ठिक अब्राहामको अगाडि गायब हुनुभयो।

207 तर उहाँले उसलाई एउटा चिन्ह दिनुहुन्छ। सूचना। र त्यो चिन्ह यो थियो कि उहाको ढाँड पाल तर्फ फर्काएको थियो।

208 र याद गर्नुहोस्, अब्राहाम, त्यो भन्दा केहि दिन अगाडि उसको नाउँ *अब्राम* थियो, र सारा त्यो भन्दा अगाडि *सारा* थियो; एस–ए–आर–आर–ए तब एस–ए–आर–ए–एच, र ए–बि–आर–ए–एम बाट ए–बि–आर–ए–एच–ए–एम। *अब्राहामको* अर्थ "राष्ट्रहरुका पिता" हो।

209 अब यहाँ वास्तवमै नजिकबाट हेर्नुहोस्, र हामीले अहिले जिईरहेको घडीको अवस्था देख्नेछौ, जसरी येशूले हामीलाई यो परिवेश हेर्नको लागि भन्नुभएको थियो। हामीले यसको बाकि सबै ठिक देखेका छौ; अब आउनुहोस् शाही सन्तानलाई हेरौ, तिनीहरुले कस्तो अवस्था देख्नुपर्नेछ।

210 अब यो मानिसले भन्यो, "अब्राहाम, तेरो श्रीमती सारा कहाँ छिन्?"

र अब्राहामले भने, "उनी पालमा छिन्, तपाईको पछाडि।"

211 अब, उहाँले उनलाई कहिल्यै देख्नुभएको थिएन। उसको नाम *अब्राहाम* हो भनि उहाँले कसरी थाहा पाउनुभयो? उहाँलाई उनको नाम कसरी थाहा थियो *एस–ए–आर–ए–एच*? "अब्राहाम, तेरो श्रीमती सारा कहाँ छिन्?"

भनिन्, "उनी पालमा छिन्, तपाईको पछाडि।"

212 उहाँले भन्नुभयो, “म...” “म,” एउटा व्यक्तिगत सर्वनाम। “म प्रतिज्ञा अनुसार तिमीहरुलाई भेट्न जानेछु। तिम्रो श्रीमतीले त्यो बच्चा जन्माउनेछ। तिमीहरुले मलाई भरोसा गरेका छौ, अब म यसलाई पूरा गर्न जाँदैछु।”

213 र सारा, पाल भित्र, पछाडि, छाना झुकाएर वा कान थापेर, जे पनि तपाईले यसलाई भन्नुहुन्छ, पालबाट सुनेर, उनी आफ्नो बाहुला माथि हाँसिन्, र उनले भनिन्, “अब, म, म जस्तै एउटा वृद्धा महिला, मेरो मालिकसंग खुसी छु; र ऊ पनि, बुढो, त्यहाँ सय वर्षको उमेर? जबकि, यो धेरै, धेरै वर्ष देखि भएको छैन।”

214 र मानिस, एम–ए–एन, त्यहाँ बसिरहेको खाँदै, मानव शरीरमा, पिउदै र एउटा साधारण मानिसले जस्तै गरी; उहाँको लुगामा धुलो थियो, र उहाँको खुट्टामा धुलो थियो, र अब्राहामले त्यो पखालेका थिए। परमेश्वर, आफैले, चारैतिर हेर्नुभयो, र उहाँले भन्नुभयो, “सारा किन हासिन्, पालको पछाडि, *यो* भन्दैमा?” उहाँलाई थाहा थियो, उहाँको पछाडि, पालमा साराको विचारहरु थाहा थियो। के त्यो सहि हो?

215 अब, जब अब्राहामको राजकिय सन्तान पृथ्वीमा आयो, उहाँले के चिन्ह देखाउनुभयो? मानिसको पुत्र। सिमोन एकदिन उहाँकहाँ आए; अन्द्रियासले उनलाई ल्याए। उहाँले भन्नुभयो, “तिम्रो नाम सिमोन हो। तिमी योनासको छोरा हौ,” उहाँले भन्नुभयो। हेर्नुहोस्, त्यसले उहाँबाट एउटा विश्वासी बनायो।

216 फिलिप त्यहाँ गए र नथानेललाई लिए, र फर्केर आए। उसले भन्यो, “आऊ, हेर एउटा मानिस जो हामीले—हामीले भेट्टाएका छौ: नासरतको येशू, योसेफको छोरा।”

217 उसले भन्यो, “अब एक मिनेट पर्ख। के त्यो कट्टरपन्थीबाट केहि राम्रो निस्किन सक्छ र?”

उसले भन्यो, “आऊ, हेर।”

218 त्यसैले जब फिलिप येशूको उपस्थितिमा नथानेलसंग आए, येशूले उसलाई हेर्नुभयो र भन्नुभयो, “हेर एउटा इस्राएली जसमा कुनै छल छैन।”

उहाँले भन्नुभयो, “रब्बी, तपाईले मलाई कहिले चिन्नुभयो?”

219 भन्नुभयो, “फिलिपले तिमीलाई बोलाउनुभन्दा अगाडि, तिमी रूख मुनि हुँदा, मैले तिमीलाई देखेको थिए।”

220 उहाँले भन्नुभयो, “रब्बी, तपाई परमेश्वरको पुत्र हुनुहुन्छ। तपाई इस्राएलको राजा हुनुहुन्छ!”

221 जब इनारमा सानी केटि, उनको अनैतिक अवस्थामा, माथि आईन्, एउटा सानो मनोरम केहि यस्तो, केहि पानी तान्नको लागि। येशूले आफ्ना चेलाहरुलाई भोजनको लागि टाढा पठाउनुभएको थियो। जब उनी पानी लिन आईन्, उहाँले भन्नुभयो, “मलाई पिउनको निम्ति पानी ल्याऊ, स्त्री।”

222 उनले भनिन्, “तपाईले त्यसो भन्न मिल्दैन। हामीसंग यहाँ अलगाव छ। अब, तपाई यहूदीहरुको हामी सामरीहरुसंग कुनै सरोकार छैन; तपाईसंग हाम्रो कुनै सरोकार छैन।”

223 उहाँले भन्नुभयो, “तर, स्त्री, यदि तिमीलाई थाहा छ कि तिमी कोसंग बोल्दैछौ भनि, तिमीले मलाई पिउनको लागि माग्नेछौ। म तिमीलाई पानी दिनेछु तिमी यहाँ पानी लिन आउदैनौ।”

224 उहाँले उनको अवस्था कहाँ छ, कस्तो थियो भनि भेट्टाउनुभयो। उहाँले भन्नुभयो, “गएर आफ्नो श्रीमानलाई लिएर यहाँ आउ।”

उनले भनिन्, “मेरो कुनै श्रीमान छैन।”

225 उहाँले भन्नुभयो, “तिमीले सत्य कुरा भन्यौ। तिमीसंग पाँचवटा थियो, र जुन संग तिमी अहिले बसिरहनुभएको छ त्यो तिम्रो होइन।”

226 उनले भनिन्, “श्रीमान, म जान्दछु कि तपाई एउटा अगमवक्ता हुनुहुन्छ। हामीलाई थाहा छ जब मसिह आउनुहुन्छ उहाँले हामीलाई यी कुराहरु देखाउनुहुनेछ।”

येशूले भन्नुभयो, “म उही हुँ।”

227 त्यसमा उनी दौडेर शहरमा आईन् र भनिन्, “आउनुहोस्, एउटा मानिसलाई हेर्नुहोस् जसले मैले गरेका कुराहरु मलाई बताउनुभएको छ। के यहि नै मसिह होइन र?”

228 हेर्नुहोस्, उहाँले त्यो यहूदीहरु, र सामरीहरुको अगाडि गर्नुभयो, तर अन्यजातिहरुको अगाडि कहिल्यै पनि गर्नुभएन। अन्यजातिहरु, हामी मानिसहरु, ती दिनहरुमा मूर्तिपूजकहरु थियौ, अन्य राष्ट्रहरु, हाम्रो ढाँडमा लाठी बाँधेर, मूर्ति पूजा गर्दै। हामीले कुनै मसिह खोजिरहेका थिएनौ।

229 उहाँ केवल उहाँलाई खोज्नेहरुमा देखा पर्नुहुन्छ, र हामीले उहाँलाई खोजिरहेको हुनुपर्छ।

230 तर उहाँलाई खोज्दैछु भनि दाबी गर्नेहरु, मण्डली आफैले, जब तिनीहरुले त्यो भएको देखे, तिनीहरुले भने, “ऊ एउटा दुष्ट हो। ऊ एउटा ज्योतिषी हो, एउटा बालजिबुल!”

231 र येशूले भन्नुभयो, “त्यो पाप तिनीहरुको क्षमा हुनेछ,” किनभने उहाँ अझै पनि मर्नुभएको थिएन। “तर,” भन्नुभयो, “कुनै दिन पवित्र आत्मा आउनुहुनेछ र त्यहि काम गर्नुहुनेछ, र यसको विरुद्धमा एउटा शब्द पनि बोल्दा कहिल्यै क्षमा हुनेछैन।” त्यहि नै यो दिन हो, जहाँ हरेक वचन संगै रहनु पर्दछ। “यसको विरुद्धमा एउटा वचन बोल; यो संसारमा वा आउनेवाला संसारमा कहिल्यै पनि क्षमा हुनेछैन।”

232 त्यो अब्राहामको शाही सन्तान थियो। र यहाँ अब्राहामको त्यो शाही सन्तान, जुन अब्राहामसंग त्यहाँ बसिरहेको त्यो मानिसको पहिचानको कारणले आयो, यो उही परमेश्वर हुनुहुन्छ भनि प्रमाणित गर्न आउनुभयो, यस दिनमा प्रतिज्ञा गर्दै, “जस्तो सोदोमको दिनमा भएको थियो, त्यस्तै नै मानिसको पुत्र आउने दिनमा हुनेछ, जब उहाँले आफैलाई मानिसको पुत्रको रूपमा प्रकट गर्दै हुनुहुन्छ।” आमेन। यो धर्मशास्त्रको वचन पूरा हुने दिन हो।

233 हेर्नुहोस् आज हामी कस्तो अवस्थामा छौ। त्यो मण्डलीलाई हेर्नुहोस् जहाँ परमेश्वरको पुत्र हुनुहुन्छ...दुःखद दिनलाई हेर्नुहोस्। सबै भविष्यवाणीहरु हेर्नुहोस्। अब, एउटा अनौठो कुरा, हाम्रा आगन्तुकहरु तब योग्य छन्, यदि वातावरण सोदोममा जस्तो हुनुपर्छ भने।

234 त्यहाँ ती मध्ये तिनजना आएका थिए, स्वर्गबाट पठाईएका तिनजना उत्कृष्ट मानिसहरु। हामी त्यो स्वीकार गर्नेछौ। ती मध्ये तिनजना; एकजना अब्राहामसंग बसे। तिनीहरु सबैले त्यहाँ शुरू गरे, तर एकजना अब्राहामसंग बसे। बाकि रहेकाहरु तल सोदोममा गए। के त्यो सहि हो? र अब्राहामको नाम परिवर्तन भयो, अब्रामबाट अब्राहाम भयो। साचो हो?

235 एक पटक पनि इतिहास छैन, संसारको मण्डली, त्यसमा जानको लागि कहिल्यै एउटा प्रचारक थिएन, नामको अन्त्यमा एच–ए–एम, आजको दिनसम्म, बिल्ली जी–आर–ए–एच–ए–एम। के त्यो सहि हो? जी–आर–ए–एच–ए–एम, छ अक्षरहरु। ए–बि–आर–ए–एच–ए–एम सात अक्षरहरु हुन्। जी–आर–ए–एच–ए–एम छ अक्षरहरु हुन्, जुन संसार हो, मानिस। देख्नुभयो?

236 हेर्नुहोस् त्यहाँ बाहिर के गएको छ, आज, तिनीहरु स्वर्गबाट आएका संदेशवाहकहरु हुन्।

237 के त्यहाँ पृथ्वीमा कुनै मानिसले पश्चाताप पाएको छ यति स्पष्ट रूपमा प्रचार गरिएको छ कि बिल्ली ग्राहम जस्तो छ? के त्यहाँ कुनै मानिस छ जसले मानिसहरुमा प्रभाव पारेको छ, बिल्ली ग्राहम जस्तो? त्यहाँ कहिल्यै पनि, अन्तर्राष्ट्रिय रूपमा, एउटा मानिस भएको छैन। ओ, बिल्ली सन्डे, र त्यस्तै, यहाँ संयुक्त राज्यमा हुनुहुन्थ्यो, तर बिल्ली ग्राहमलाई विश्वव्यापी रूपमा चिनिन्छ। हेर्नुहोस् उसले कहाँ बोलाउदैछ? सदोमबाट।

238 र उसको त्यहाँ पेन्टिकोष्टल मण्डलीसंग साथ दिने साथी छ, ओरल रोबर्ट्स।

239 तर चुनिएको समूहको बारेमा के हो? तिनीहरुले कस्तो खालको चिन्ह देख्नुपर्ने हो? तिनीहरुसंग के हुनुपर्छ? हाल्लेलुयाह! "यो साँझको समयमा उज्यालो हुनेछ।" यस दिन यो धर्मशास्त्र पूरा भएको छ। यस दिन परमेश्वरको प्रतिज्ञा पूरा भएको छ। त्यो सत्य हो भनि हामीलाई थाहा छ। उहाँ आज राति यहाँ हुनुहुन्छ जस्तो उहाँ पहिले हुनुहुन्थ्यो।

240 अब, यो प्रचार गर्नको लागि, जुन मैले केहि समय अगाडि भनेको थिए, यदि तपाईले केहि प्रचार गर्नुहुन्छ र त्यो सुसमाचारको सत्य हो भने, त्यसो हो भने परमेश्वर त्यसलाई प्रमाणित गर्न बाध्य हुनुहुन्छ। के त्यो सत्य हो? अब, यदि त्यो त्यसो हो भने, परमेश्वरले वचन लेख्नुभयो, परमेश्वरलाई दिनुहोस् जसले अगमवाणी बनाउनुभयो, परमेश्वर जो वचनको परमेश्वर हुनुहुन्छ, उहाँलाई आउन दिनुहोस् र उहाँ अझै पनि परमेश्वर हुनुहुन्छ भनि प्रमाणित गर्न दिनुहोस्।

241 जसै एलिया पहाडमा गए; हेर्दै, एलिशा एलियालाई हेर्दै गए, उनले भने, "मलाई दोब्बर भाग चाहिएको थियो।" र एलियाको आवरण एलिशामा खस्यो। उनी तल हिडे, र त्यो कम्बल दोब्बर बनाए र नदिलाई प्रहार गरे, र भने, "एलियाका परमेश्वर कहाँ हुनुहुन्छ?" र त्यहि कुरा जुन एलियाको लागि भयो, त्यहि नै एलिशाको लागि पनि भयो।

242 र त्यहि सुसमाचार, त्यहि शक्ति, त्यहि मानिसको पुत्र जो हिजो थियो, आज छ, र सदासर्वदा हुनेछ। हिब्रू १३:८। के तपाई यो विश्वास गर्नुहुन्छ? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] त्यसपछि, म तपाईलाई सोध्छु। म उहाँ हुन सक्दिन, तर उहाँ यहाँ हुनुहुन्छ। हामी त केवल वाहक मात्रै हौं।

243 तपाईहरु मध्ये केहि मानिसहरु त्यहाँ बाहिर, जो बिमार र पिडामा हुनुहुन्छ, जसलाई तपाईलाई थाहा छ कि म तपाईलाई चिन्दिन, परमेश्वरलाई अब...यदि मैले आफैलाई पर्याप्त नम्र पार्न सक्छु भने। तपाई प्रार्थना गर्नुहोस् र परमेश्वरलाई माग्नुहोस्।

244 मलाई लाग्दैन...त्यहाँ भवनमा प्रार्थनाको कार्ड छैन, त्यहाँ छ? होइन, म गर्दिन...हामीले कहिल्यै पनि प्रार्थनाको कार्ड दिदैनौ। हामी प्रार्थना सभा गर्न जाँदैछौ...या बिरामीको चंगाई, मण्डलीमा। तर, तपाई प्रार्थना गर्नुहोस्।

245 र तपाईलाई थाहा छ कि म तपाईको लागि पूर्ण रूपमा अन्जान हुँ। हेर्नुहोस्, तपाईले मलाई चिन्नुहुन्छ, जेफरसनभिल! जेफरसनभिलका मानिसहरुले त्यसो गरेको म चाहन्न। म यहाँ टाढाबाट मानिसहरु चाहन्छु। हेर्नुहोस् यदि परमेश्वरले अझै पनि प्रकट गर्नुहुन्छ! हेर्नुहोस् यदि उहाँ हिजो, आज, र सधैभरि एक समान हुनुहुन्छ!

246 सानी महिलाले गरे जस्तै गर्नुहोस्। उहाँ त्यहाँबाट भएर जानुभयो, र उनले भनिन्, "म यो मानिसलाई विश्वास गर्छु।" उनलाई रगतको समस्या थियो, र उनले भनिन्, "यदि मैले उहाँको वस्त्रको सिमाना छुन सक्छु भने, म विश्वास गर्छु कि म निको हुनेछु।" के त्यो सत्य हो?

247 उनको विश्वासको कारणले, त्यस दिन, धर्मशास्त्र पूरा भयो। "उहाँले टुटेको हृदयलाई बन्धनमा पार्नुभयो, बिरामी र लंगडोलाई निको पार्नुभयो।"

248 जब उनले उहाँको वस्त्र छोईन्, र बाहिर हिडेर बसिन्, उहाँ पछाडि फर्कनुभयो र भन्नुभयो, "मलाई कसले छोयो?" कसरी उहाँले कहिल्यै थाहा पाउनुभयो, मानिसहरुको त्यो ठूलो भीडमा, शायद तिस गुणा के छ यहाँ आजराति, ती मध्ये हजारौ? उहाँले यो कसरी थाहा पाउनुभयो? उहाँले भन्नुभयो, "मलाई कसले छोयो?" उहाँले त्यो भन्नको लागि मात्रै भन्नुभएको होइन; उहाँले त्यो भन्नुभयो किनभने यो सत्य थियो। र उहाँले भन्नुभयो, "मलाई कसले छोयो?" र उहाँले सिधै वरपर हेर्नुभयो र सानी आइमाईलाई देख्नुभयो, जहाँ उनी बसिरहेकी थिईन् वा उभिरहेकी थिईन्, उनी जुनसुकै अवस्थामा थिईन्, उनको रगतको समस्या समाप्त भएको बताईन्।

249 त्यो येशू हिजो हुनुहुन्थ्यो। त्यो आज उहाँ हुनुहुन्छ। तपाई त्यो विश्वास गर्नुहुन्छ?

250 म तपाईलाई चिन्दिन; परमेश्वरले गर्नुहुन्छ। तर तपाईको छेउमा दुखाई छ, त्यसले तपाईलाई सताईरहेको छ। त्यो सहि हो। तपाई त्यहाँ बसेर यसको बारेमा प्रार्थना गर्दै हुनुहुन्छ। के म तपाईको लागि अन्जान हुँ, र हामी एक अर्काको लागि अन्जान छौ? खडा हुनुहोस्, यदि यो छ भने। मैले तपाईलाई चिन्दिन। यो *यस* मानिस ठिक यहाँ कुनामा छ, यो जवान केटो। तपाईको घाँटी पनि खराब छ। त्यो सहि हो। तपाई त्यसको बारेमा प्रार्थना गर्दै हुनुहुन्छ। तपाईहरु सबै केहि कुरामा चिन्तित हुनुहुन्छ। तपाईले सभा छोड्नुपर्नेछ किनभने, तपाई एउटा सेवक हुनुहुन्छ, तपाईसंग केहि व्यस्तताहरु छन् तपाईले ख्याल राख्नुपर्दछ। त्यो सहि हो। अँ–ह। तपाई को हुनुहुन्छ भन्ने परमेश्वरलाई थाहा छ भनि तपाई विश्वास गर्नुहुन्छ? रेभ. श्रीमान् स्मिथ, अब तपाई गएर निको हुन सक्नुहुन्छ। येशू ख्रीष्टले तपाईलाई निको पार्नुभयो। तपाईको सभामा जानुहोस्; तपाईको घाँटीले तपाईलाई समस्या दिनेछैन।

उहाँले कसलाई छुनुभयो?

251 *यहाँ* ठिक पछाडि एउटा मानिस बसिरहनुभएको छ; उसले पिडा भोगिरहनु भएको छ। उहाँको देब्रे फोक्सोमा ट्युमर छ। उहाँले…उहाँ यहाँबाट हुनुहुन्न। तपाई खानीमा काम गर्ने कामदार हुनुहुन्छ। त्यो सहि हो। म तपाईको लागि पूर्ण रूपमा अन्जान हुँ। यदि त्यो सहि हो भने, आफ्नो हात मिलाउनुहोस्। ट्युमर तपाईको देब्रे फोक्सोमा छ, र तपाई तुरुन्तै शल्यक्रियाको लागि आउनुहुन्छ। त्यो सहि हो? तपाई यहाँबाट हुनुहुन्न। तपाई शहर बाहिरबाट हुनुहुन्छ। तपाई भर्जिनियाबाट हुनुहुन्छ। त्यो सहि हो। तपाई को हुनुहुन्छ भन्ने परमेश्वरलाई थाहा छ भनि तपाई विश्वास गर्नुहुन्छ? श्रीमान मिचेल, त्यो सहि हो, घर जानुहोस् र निको हुनुहोस्। येशू ख्रीष्टले तपाईलाई निको पार्नुहुन्छ। मानिसलाई सोध्नुहोस्! मेरो जीवनमा, उहाँलाई कहिल्यै देखेको छैन। उहाँ त्यहाँ बसेर प्रार्थना गर्दै हुनुहुन्थ्यो।

यस दिन यो धर्मशास्त्र!

252 यहाँ एकजना महिला हुनुहुन्छ ठिक यहाँ पछाडि, मेरो पछाडि, जस्तो सारा पालमा थिईन्। उनले छोरीको लागि प्रार्थना गरिरहेकी छिन्। खडा हुनुहोस्। छोरी यहाँ छैन; उनी टाढा छिन्, छोरी। र तपाई उस्तै हुनुहुन्छ जस्तो एउटा स्त्री येशूकहाँ आउँदा भएको थियो, जससंग एउटा स्त्री थिईन् जो शैतानद्वारा विभिन्न तरिकाले त्रसित थिईन्। महिला…केटिलाई भूत

लागेको छ। उनी यहाँ हुनुहुन्न। उनी यहाँबाट...तपाई उत्तरी क्यारोलिनाबाट हुनुहुन्छ। तपाई त्यो विश्वास गर्नुहुन्छ? र त्यो सत्य हो, होइन र? श्रीमती अर्डर्स, तपाई घर जान सक्नुहुन्छ। यदि तपाईले आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्नुहुन्छ भने, तपाईले आफ्नो छोरी भेट्टाउनुहुनेछ जस्तो कि येशू ख्रीष्टले बितेका दिनहरुमा फेला पार्नुभएको थियो, यो चंगाई भएको भनि भन्नुभएको थियो।

253 यस दिन यो धर्मशास्त्र; सोदोमको चिन्ह, महान् सन्तानको चिन्ह, प्राकृतिक मण्डलीको चिन्ह! यस दिन यो धर्मशास्त्र तपाईको माझमा पुरा भएको छ। के तपाई यो विश्वास गर्नुहुन्छ?

254 के तपाईले अहिले उहाँलाई आफ्नो मुक्तिदाता र चंगाईदाताको रूपमा स्वीकार गर्नुहुन्छ? आफ्नो खुट्टामा उभिनुहोस्, तपाईहरु सबैले, भन्नुहोस्, "म मेरो चंगाई स्वीकार गर्छु। म उहाँलाई मेरो मुक्तिदाताको रूपमा स्वीकार गर्छु। म उहाँलाई मेरो राजाको रूपमा स्वीकार गर्छु।" प्रत्येक आफ्नो खुट्टामा उभिनुहोस्।

यो दिन! सुन्नुहोस्, मित्रहरु।

255 "उहाँले धर्मशास्त्र पढ्नुभयो, पुजारीलाई बाइबल फिर्ता दिनुभयो, र," भन्नुभयो, "मानिसहरुको सबै आँखा उहाँमा अड्किएको थियो। र उहाँले तिनीहरुलाई हेर्नुभयो, र भन्नुभयो, 'आज यो धर्मशास्त्र पूरा भएको छ।'"

256 मैले धर्मशास्त्र पढेको छु, हामी अन्तिम दिनमा जिईरहेका छौ भन्ने दर्जनौ वा बढि प्रमाणहरु सहित, त्यो पुस्ता जसले येशू ख्रीष्ट पृथ्वीमा फर्केर आउनुभएको देख्नेछन्। र आज राति म तपाईलाई फेरी पनि भन्छु, आजको दिन यो धर्मशास्त्रको वचन तपाईको दृष्टिमा पूरा भएको छ।

257 तपाई ट्युक्सनमा, तपाई क्यालिफोर्नियामा, तपाई न्यु योर्कमा, यी टेलिफोन हुक–अपमा, आजको दिनमा यो धर्मशास्त्र तपाईको दृष्टिमा पूरा भएको छ।

258 आउनुहोस् हामी खुसी होऔ र रमाइलो गरौ, किनकि थूमाको विवाह नजिकै छ, र उनको दुलही...उसको दुलहीले आफैलाई तयार पारेकी छिन्।

259 हाम्रा हातहरु उचालौ र उहालाई महिमा दिऔ, तपाई सबै मानिसहरु। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्।

65-0219 यस दिन यो धर्मशास्त्र पूरा भएको छ
पार्कभ्यू जुनियर हाई स्कूल
जेफेर्सनविल, इन्डियाना यु.एस.ए

NEPALI

©2024 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

प्रतिलिपि अधिकार सूचना

सर्वाधिकार सुरक्षित। यस पुस्तक येशू ख्रीष्टको सुसमाचार फैलाउने एउटा उपकरणको रूपमा, घरेलु प्रिन्टरमा निशुल्क, व्यक्तिगत उपयोग वा बाढ्नको निम्ति प्रिन्ट गर्न सकिन्छ। भोईस अफ गड रेकर्डिङ्गको® स्पष्ट लिखित अनुमति बिना यस पुस्तकलाई बिक्री गर्न, ठूलो स्तरमा पुनः उत्पादन गर्न, वेबसाईटमा प्रेषित गर्न, पुनर्प्राप्ती प्रणालीमा संग्रहित गर्न, अन्य भाषाहरुमा अनुवाद गर्न, वा पूँजी प्राप्त गर्नको निम्ति उपायोग गर्न सकिदैन।

थप जानकारीको लागि वा अन्य उपलब्ध रहेको सामग्रीको लागि, कृपया सम्पर्क गर्नुहोस्:

Voice Of God Recordings, India Office
19 (New No: 28) Shenoy Road, Nungambakkam
Chennai 600 034, India
044 28274560 • 044 28251791
india@vgroffice.org

Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org